नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

**तुरुन्त आवश्यकता**
रियांस मल्टिट्रेड जनकपुरका लागि केही सेल्सपर्सन चाहिएको छ ।
इच्छुकले सम्पर्क गर्नुहोला ।
संख्या: १२ जना
पुरुष: ७
महिला: ५
योग्यता: एसइइ पास
तलब: नेरु. १५,०००–२५,०००
सम्पर्क: ९७०२०७९५००

● वर्ष २ ● अंक ७३ ● २०८० साल माघ १६ गते मंगलबार ● Tuesday 30, January 2024 ● सूर्योदय: बिहान ६:५२ बजे ● सूर्यास्त: साँझ ५:४५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## अर्थमन्त्रीको बदमासी बुझ्न विज्ञ झिकाइने !



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका अर्थमन्त्री सञ्जय कुमार यादवले नियम मिचेर गरेको रकमान्तरबारे थप छानबिन गर्ने छानिबिन समितिको तयारी छ । अर्थमन्त्री र पर्यटनमन्त्रीलाई समितिमा बोलाएर जवाफ मागिएपछि उनीहरुले गरेको कमजोरीलाई विज्ञबाट पनि पुष्टि हुने गरी छानबिन गराउने निष्कर्षमा समिति पुगेको हो । तर समितिले झिकाउने विज्ञलाई कति पारिश्रमिक दिने र कसले पारिश्रमिक दिने भन्ने विषयमा अन्यौलता बढेपछि समितिले विज्ञ बोलाउन सकेको छैन ।

अर्थमन्त्री यादवले ७० करोड रुपैयाँ रकमान्तर गरेको विषयमा मधेश सरकार नै बदनाम भएपछि छानिबनिका लागि बनाइएको 'दुई महिने' म्यादी समितिले सातौँ महिना पार हुनै लाग्दा अर्थमन्त्रीको कमजोरीलाई विज्ञहरुको तर्फबाट पनि छानबिन गराउने मनसाय राखेको हो । तर यसमा झिकाइने विज्ञहरुको पारिश्रमिकबारे समिति अधिकारविहीन भएपछि यो काम थाँती राख्दै प्रतिवेदन बुझाउने कि भन्नेमा केही सदस्य तयार भएका छन् भने केही सदस्य यति ठूलो रकमान्तरको विषयमा थोरै पारिश्रमिकले रोकिन नहुने भन्दै विज्ञबाट अर्थमन्त्रीको अनियमितता छानबिन गराउनु पर्नेमा अडानमा छन् ।

'विज्ञ झिकाएपछि उनीहरुलाई पारिश्रमिक दिनु पर्छ, कति पारिश्रमिक दिने भन्ने पनि छैन, दिने निकायसँग सहमति लिनु पर्ने भएकाले सभामुखसहितको प्रदेश सभाको टोलीसँग बस्दा पारिश्रमिकमा सहमति नहुन पनि सक्छ,' छानबिन समिति स्रोतले भन्यो, 'तीन अर्ब ३४ करोड रुपैयाँ भन्दा बढीको रकमान्तरमा आर्थिक क्षेत्रमा दखल राख्ने विज्ञ झिकाएर छानबिन गर्ने मनस्थितिमा रहेको समिति पारिश्रमिकबारे अधिकारविहीन भएपछि यतिकैमा प्रतिवेदन बुझाउने भन्ने अवस्थामा पुगेको छ ।'

अर्थमन्त्री यादवको निर्देशनमा 'अर्थ विविध' शीर्षकको ३ अर्ब ३४ करोड २३ लाख ८ हजार ३ सय ४१ रुपैयाँ अर्थ मन्त्रालयले विभिन्न मन्त्रालय तथा स्थानीय तहमा पठाएपछि भएको विवादमा बनेको छानबिन समितिले अर्थमन्त्री र पर्यटनमन्त्रीलाई समितिमा जवाफ लिए पनि निष्कर्षमा पुग्न ढिलाइ भइरहेको छ । अर्थमन्त्री यादवकै निर्देशनमा कानुन, नियम र कार्यविधि मिचेर टुक्रे योजना बनाएर रकम वितरण भएपछि विवाद भएको हो । यति मात्र होइन, छानबिनक्रममा पहिले नै १० प्रतिशत रकम कमिसन लिइएको समेत फेला परेको छ । मन्त्रीका श्रीमान रहेका स्वकीयले लेटर प्याडमा लेखेको पत्रका आधारमा समेत बजेट बाँडिएको लुकेको छैन ।

अख्तियारको पनि चासो

अर्थ मन्त्रालयले 'अर्थ विविध' शीर्षकमा बजेटको ११ दशमलव ८१ प्रतिशत अर्थात् ५ अर्ब ५३ करोड ५७ लाख ४३ हजार रुपैयाँ छुट्याएको थियो । पछि अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयको बजेट रकमान्तर गरी विनियोजित रकममा चालुतर्फ ६९ करोड ७८ लाख ५ हजार र पुँजीगततर्फ ८५ करोड ९६ लाख ९० हजार रुपैयाँ थप गरी 'अर्थविविध' शीर्षकमा ७ अर्ब ९ करोड ३२ लाख ३८ हजार रुपैयाँ पुऱ्याएको थियो । अर्थमन्त्री यादवले टुक्रे योजना बनाएर असार २२ गतेसम्ममा विभिन्न मन्त्रालय तथा स्थानीय तहमा रकम पठाएका थिए । स्थानीय तहमा विनियोजन भएको २ अर्ब ६ करोड ६० लाख रुपैयाँमा पछि थप २ अर्ब १९ करोड ३० लाख रुपैयाँ रकमान्तर गरिएको थियो । यो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि चासो लिएर सुक्ष्मसँग अध्ययन गरिरहेको पाइएको छ । अहिले नै अख्तियारले यसबारे केही बोलेको छैन । तर अर्थमन्त्रीको निर्देशनमा बाँडिएको रकमबारे अख्तियारले रकम दिने मात्र होइन, लिनेहरुबारे पनि चासोका साथ अध्ययन गरिरहेको अख्तियार स्रोतले बताएको छ ।

संसदीय दलका नेताहरु जोडिने अर्थमन्त्री यादवको निर्देशनमा रकमान्तर भएको विषयमा सत्तारुढ पार्टीका नेताहरु पनि जोडिने भएका छन् । पार्टीका नेताहरुले आफ्ना पार्टी र क्षेत्रमा रकमान्तरका लागि अर्थमन्त्रीलाई साथ दिइएको पाइएको छ । अर्थमन्त्री यादवले अहिलेसम्म मौनता साँधेर बस्नुमा यो पनि एउटा कारण भएको स्रोतको भनाइ छ । 'सबै संसदीय दलका नेताहरुले बाँडेर रकम लगेका छन्, अर्थमन्त्री मात्रै दोषी कहाँ होलान् र ?' एक प्रदेश सभा सदस्यले भने, 'देखिने गरी अर्थमन्त्रीको बदमासी छ तर पैसा बाँडफाँडको छानबिन हुँदै जाने हो भने थुप्रै पार्टीका संसदीय दलका नेताहरु पनि जोडिनेवाला छन्, अर्थमन्त्रीले आफूमाथि कारबाही हुने अवस्था आए संसदीय दलका नेताहरुलाई बाँकी नराख्न सक्छन् ।' मधेश सरकारको सिंगो बदनाममा एक्लो पात्रका रुपमा विवादमा भने अर्थमन्त्री यादव मुछिउका छन् र उनीको निर्देशनमा भएको कार्यको प्रतिवेदन छानिबन समितिले अझै बुझाएको छैन ।




# सरकार समाजवादी बजेट बनाउँदैछः प्रधानमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारको ध्यान बजेटतर्फ केन्द्रित भइसकेको र आउँदो बजेटले मुलुकमा आमूल परिवर्तनसँगै जनपक्षीय कार्यक्रम समेट्ने बताएका छन् ।
वीरगंजमा आयोजित प्रेस सेन्टर नेपालको २० औँ स्थापना दिवस तथा राष्ट्रिय परिषद् बैठकलाई सोमबार सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले नीति, कार्यक्रम र बजेट सामाजिक न्याय तथा समाजवादको पक्षमा हुने बताए । उनले जनता र सबै राजनीतिक दलको सामूहिक सहभागितामा बजेट निर्माण गर्न सरकार केन्द्रित भएको बताए ।
प्रधानमन्त्रीले भने, 'नीति तथा कार्यक्रम र बजेट समाजवाद तथा सामाजिक न्यायको पक्षमा हुनेछ, यसपटक क्रान्ति नै गर्न खोजिएको छ, यसको पक्षमा जनमत निर्माण गर्न अपिल गर्दछु ।' आफ्नो ध्यान आगामी वर्षका लागि जनताकेन्द्रित र सहभागितामूलक नीति, कार्यक्रम र बजेट निर्माणमा गएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले लोकतन्त्रका पक्षमा बजेट निर्माण गरेर 'आमूल सुधार' गरिने विश्वास दिलाए ।
नीति तथा कार्यक्रम बनाउँदा स्थानीय र प्रदेश सरकार एवम् मन्त्रालयको पनि रायसुझाव लिइने बताउँदै प्रधानमन्त्री प्रचण्डले नयाँ तवरले सरकार अगाडि बढ्ने बताए ।
पुराना योजना पूरा नहुँदै नयाँ योजना निर्माण गर्ने प्रवृत्ति निराकरण गर्ने योजनामा सरकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले केही सीमित मात्रामा अत्यन्त आवश्यक मात्र नयाँ योजना बनाएर बजेट निर्माण गर्नेगरी सरकार अगाडि बढेको बताए । सरकारले भ्रष्टाचार, भूमाफिया र मिटरब्याजविरुद्ध सशक्त कदम चालेको भन्दै उनले सामाजिक सुरक्षा कोषमा अनौपचारिक क्षेत्र, स्वरोजगारी तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई समेत समेट्ने महत्वपूर्ण कार्य सरकारले गरेको प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।
विश्वका धेरै नेता र बुद्धिजीवीका माझ नेपालको पहिचान र गरिमा बढाएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, 'राष्ट्रसंघको महासभा र असंलग्न आन्दोलनसम्म आइपुग्दा नेपालको पहिचान धेरै माथि पुगेको छ भन्ने कुरा विश्वका नेताले महसुस गरेको पाएको छु ।' सूचना प्रविधि क्षेत्रमा विश्वले राम्रो प्रगति गरेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सामाजिक सञ्जालमा भने नकारात्मकताको प्रसार भइरहेको बताए ।
प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटा जुगलको अध्यक्षतामा सम्पन्न प्रेस सेन्टर नेपालको २० औँ स्थापना दिवस तथा राष्ट्रिय परिषद् बैठक उद्घाटन सत्रमा नेकपा माओवादीका उपाध्यक्ष, प्रचार विभाग प्रमुख तथा पूर्व सभामुख अग्नि सापकोटा, माओवादी केन्द्रका उपमहासचिव मातृका यादव, केन्द्रीय सचिव तथा मधेश प्रदेश इन्चार्ज लिलामणि पोखरेल, प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्य, सांसद किसन श्रेष्ठ, वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह, प्रेस सेन्टरका केन्द्रीय उपाध्यक्ष गोविन्द देवकोटालगायतका वक्ताले मन्तव्य व्यक्त गरेका थिए ।



## पूर्वराजालाई काउन्टर जवाफ

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पूर्वराजा ज्ञानेन्द्र शाहले दरबार हत्याकाण्डबारे दलहरुले भ्रम छरेको आरोपबारे काउन्टर जवाफ दिएका छन् । बाराको जीतपुरसिमरा उपमहानगरपालिका–४ औराहास्थित विशेष आर्थिक क्षेत्र (सेज) को निरीक्षणपछि फरक प्रश्नमा प्रधानमन्त्री प्रचण्डले आरोपलाई गम्भीर रुपमा लिइएको बताउँदै हत्याकाण्डबारे सरकारले छानबिन गर्ने प्रतिकृया दिए । 'पूर्वराजा शाहले जे बोलेका छन्, बोल्नै नहुने कुरा बोलेका छन्,' प्रधानमन्त्री प्रचण्डले भने, 'दरबार हत्याकाण्डको पुनः एकपटक छानविनतर्फ सरकार अगाडि बढ्छ ।' वीरगंजमा आयोजित नागरिक अभिनन्दन समारोहमा पूर्वराजा शाहले हत्याकाण्डबारे जनतामा दलहरुले भ्रम फैलाएको टिप्पणी गरेका थिए ।

## 'तीन करोडको काम प्रदेश र स्थानीय तहलाई'

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश र स्थानीय तहमा देखिएका असन्तुष्टि समाधान गर्दै देशलाई आमूल परिवर्तनका दिशामा अगाडि बढाउन सरकार क्रियाशील रहेको बताएका छन् । प्रधानमन्त्री प्रचण्डले वीरगंजमा बारा र पर्साका स्थानीय तहका जनप्रतिनिधि, उद्योगी, व्यवसायी, सरकारी कार्यालयका प्रमुख तथा सुरक्षाकर्मीको संयुक्त भेलालाई सम्बोधन गर्दै अब ३ करोड भन्दा तलका विकासका कार्यक्रम स्थानीय तह र प्रदेशले गर्ने गरी नीति तथा कार्यक्रम संशोधन गरिने बताए ।
उनले स्थानीय सरकारको प्रतिष्ठा बढाउने गरी काम गर्न आग्रह गर्दै भूमि र वन ऐन संशोधन गरी जनपक्षीय ऐन बनाइने बताए । प्रधानमन्त्री प्रचण्डले बारा र पर्साका स्थानीय तहका जनप्रतिनिधिसँगको छलफलमा सङ्घीय सरकारले पठाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गर्न नदिएको गुनासो आउने गरेको भन्दै त्यस्तो गर्न नहुने बताए । स्थानीय सरकार जनताको पहिलो सरकार भएको बताउँदै प्रधानमन्त्री प्रचण्डले जनतासँग प्रत्यक्ष संवाद र अन्तरक्रिया गर्नुपर्ने बताए ।
उनले भने, 'तपाईंहरूले जस्तो नीति तथा कार्यक्रम बनाउनुहुन्छ, जस्तो व्यवहार गर्नुहुन्छ वा सेवाप्रवाह हुन्छ, सोहीअनुसार राज्यप्रति जनताको धारणा भन्ने हो ।' जनतामा प्रवाह हुने नकारात्मक भाष्य चिर्न स्थानीय सरकारले मेहनत गर्नुपर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले स्थानीय सरकारको काम प्रभावकारी हुँदा आमजनताले सङ्घीय सरकारको आलोचना गर्ने र त्यसबाट सिङ्गो व्यवस्थाप्रति नै नकारात्मक सन्देश जानेतर्फ सजग गराए । उनले भने, 'जनतालाई सरल रूपमा बढीभन्दा बढी राम्रो सेवा दिने कुरालाई प्राथमिकता दिनुस् ।' मधेशका स्थानीय तहमा भ्रष्टाचार र बेरूजु बढी भएको, उपभोक्ता समितिमा आफ्ना नातेदार र आफ्नो पार्टीका मान्छे मात्रै राख्ने गरेको सुनिएको बताउँदै प्रधानमन्त्री प्रचण्डले भने, 'राज्यको प्रचलित नीति र कानुनअनुसार प्रक्रिया पु¥याएर योग्यलाई नदिई आफ्नालाई दिएको गुनासो आउनुभएन ।'
प्रधानमन्त्री प्रचण्डले वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले उठाएका मागप्रति आफू सम्वेदनशील रहेको र सरकारले नयाँ पदति तथा प्रक्रियाको सुरुवात गर्दैछ, यसलाई सबैले सहयोग गर्नु पर्ने कुरामा जोड दिए । वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नेपालका ६ महानगरपालिकामध्ये वीरगंज महानगरपालिकालाई संघ सरकारले हेर्ने दृष्टिकोणमा सुधार आउनु पर्ने बताउँदै वीरगंजको खानेपानी समस्या, भौतिक पूर्वाधारको यथोचित व्यवस्था, ग्रामीण क्षेत्रलाई सहरीकरण गर्ने समस्या, पर्यटकीय तथा सौन्दर्यकरणमा बजेट अभाव, अतिक्रमित जग्गा संरक्षणमा राज्यले ध्यान दिनु पर्ने माग गरेका थिए । कार्यक्रममा जीतपुर सिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेल, पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानलगायत बारा, पर्साका नगरप्रमुख, उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रमुख, उद्योगी व्यवसायीको सहभागिता थियो । कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले वीरगंजका उद्योगी व्यवसायीलाई सम्बोधन गर्दै सरकारले रुग्ण उद्योग सञ्चालनका लागि महत्वपूर्ण निर्णय गरेको र पहिलो चरणमा विराटनगर जुट मिल, हेटौँडा कपडा कारखाना, बुटवल धागो उद्योग, गोरखकाली रबर उद्योगलगायतका उद्योग कलकारखाना सञ्चालन गर्न लागिएको बताए । उनले विदेशी लगानी अभिवृद्धिका लागि सरकारले काम गरिरहेको बताउँदै देशको अर्थतन्त्रका लागि वीरगंजको भूमिका महत्वपूर्ण भएको हुँदा आर्थिक क्षेत्रमा देखिएका बेथिति र अराजकता व्यवसायीले समेत रोक्नु पर्ने कुरामा जोड दिए ।

## ठेकेदारलाई कारबाहीको दायरामा ल्याउँः सिंह

वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले विकास निर्माणका काम समयमै नसक्ने ठेकेदारलाई कानुनी कारबाहीको दायरामा ल्याउन प्रधानमन्त्री प्रचण्डसँग माग गरेका छन् । सोमबार वीरगंजमा आयोजित प्रेस संगठन नेपालको २० औँ स्थापना दिवस तथा राष्ट्रिय परिषद् बैठक उद्घाटन सत्रमा प्रमुख सिंहले कार्यक्रममा सहभागी प्रधानमन्त्री प्रचण्डसँग यस्तो आग्रह गरेका हुन् ।
नगर प्रमुख सिंहले भने, 'ठेक्का सम्झौता गरेर समयमा विकास निर्माणका काम नगर्ने ठेकेदारको प्रवृत्ति स्थानीय तहका लागि ठूलो चुनौती भएको छ, कानुन संशोधन गरेर भए पनि समयमा काम नसक्ने ठेकेदारलाई कानुनी कारबाहीको दायरामा सरकारले ल्याउनु पर्छ ।'




फरक प्रसंगमा नगर प्रमुख सिंहले पत्रकारितामा सुधारको आवश्यकता रहेको बताउँदै पित पत्रकारिता बढेकामा चिन्ता व्यक्त गरे । उनले पत्रकारहरु आफैँ अदालत, आफैँ न्यायाधीश, आफैँ अख्तियार बनेर समाचार लेख्ने कारण समाजलाई भ्रमित पार्नेलाई कारबाही हुने कानुन बनाउनु पर्ने बताए । स्थानीय तहमा पाँच वर्ष काम गर्नका लागि जनप्रतिनिधि निर्वाचित भएको भए पनि दुई वर्ष बितिसक्दासमेत आवश्यक कर्मचारी अभावमा काम गर्न नसकिएको भन्दै तत्काल कर्मचारी पूर्तिको व्यवस्था मिलाइदिन उनले आग्रह गरे । वीरगंजका श्रमजीवी पत्रकारका लागि वीरगंज महानगरपालिकाले थुप्रै काम गरिरहेको जानकारी गराउँदै उनले वीरगंज महानगरपालिकाले आमसञ्चार प्रवद्र्धन तथा नियमन समिति गठन गरी लोक कल्याणकारी विज्ञापन वितरण, ज्येष्ठ पत्रकारका लागि पेन्सन, पत्रकारका लागि आपतकालीन् कोष स्थापनालगायतका काम गरिएको बताए ।

# भन्सार छलीका सामान बरामद

मधेशदृष्टि
जनकपुरधाम ।
धनुषा प्रहरीले भारतबाट अवैधरुपमा भन्सार छली गरेर नेपाल ल्याउँदै गरेको सामान बरामद गरेको छ । भारतबाट अवैधरुपमा भन्सार छली ल्याएको सात करिब लाख ५७ हजार रुपैयाँ बराबरको खाद्यान्न, लत्ताकपडा, हार्डवेयरका सामानसहित मोटरसाईकल प्रहरीले बरामद गरेको हो । भारतबाट नेपालतर्फ भन्सार छलेर ल्याएको किराना सामान, प्याज, खुर्सानी, कपडा र हार्डवेयरका सामान आइतबार प्रहरीले बरामद गरेको प्रहरीले जनाएको छ । सामान ओसारपसारमा प्रयोग गरिएका तीन मोटरसाइकल समेत बरामद गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक रञ्जन अवलेले जानकारी दिए । बरामद गरिएको सामान र मोटरसाईकल भन्सार कार्यालय जनकपुरलाई बुझाइएको प्रहरीले जनाएको छ ।

# अवैध सामान बरामद

मधेशदृष्टि
रौतहट ।
रौतहटस्थित प्रहरीको छुट्टाछुट्टै टोलीले लाखौं रुपैया बराबरको अबैध भारतीय सामान बरामद गर्नुका साथै प्रतिबन्धित लागु औषध सहित एक जनालाई पक्राउ गरेको छ । तस्करहरुले भारतीय नम्बरको चार वटा मोटरसाईकलमा पाँच लाख ३४ हजार रुपैयाँ बराबरको किराना र कपडा ल्याउँदै गरेको अवस्थामा प्रहरी टोलीले बरामद गरी आवश्यक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । त्यसैगरी फतुवा बिजयपुर नगरपालिका ८ का २८ बर्षीय संजय कुमार दासलाई प्रहरीले नाईट्रोभेट १० एमजीको २८९ व्याबलेट सहित पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय मौलापुराका प्रमुख इन्स्पेक्टर कुशल बर्तौंलाको कमाण्डमा मौलापुर ५ स्थित चेकजाँचको क्रममा ना १३ प ४१९२ नम्बरको मोटरसाइकलमा बिरगंज बाट घरतर्फ गइरहेका दासलाई उक्त लागु औषधसहित पक्राउ गरेको हो । पक्राउ परेका दासमाथि लागु औषधसम्बन्धी मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# लागु औषधसहित दुई जना पक्राउ

एसपी गौरव
सर्लाही ।
सर्लाहीको मलंगवा नगरपालिका वडा नम्बर ८ बाट लागु औषधसहित दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । मलंगवा नगरपालिका ८ स्थित प्रतिबन्धित लागु औषधसहित सामेबार दुई जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक पैरवीण घिताललले जानकारी दिए । उनका अनुसार प्रतिबन्धित लाग औषध गाँजा एक किलो, नाइट्राभेट टयाब्लेट तीन सय १० पिस, कोरोक्स १४ बोतलसहित जिल्लाको मलंगवा नगरपालिका १० घरभई मलंगवा नगरपालिका ८ मा कोठा भाडामा बस्ने अन्दाजी वर्ष ३४ का मनोज राउत र मलंगवा नगरपालिका ६ का अन्दाजी वर्ष ३२ का सम्सुदिन मिक्रानीलाई पक्राउ गरिएको हो । मलंगवा नगरपालिका ८ स्थित बजार क्षेत्रमा लागु औषध बिक्रि वितरण भइरहेको विशेष सूचनाको आधारमा पुगेको जिल्ला प्रहरी कार्यालय मलंगवा सर्लाहीको प्रहरी टोलीले लागु औषधसहित दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रहरी प्रवक्ता एवम प्रहरी निरीक्षक ओम प्रकाश यादवले जानकारी दिए । उनका अनुसार नियन्त्रणमा लिइएका दुबै जना र लागु औषधलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा राखेर थप अनुसन्धान सुरु गरिएको छ ।

# दाइजोको कारण महिलाको हत्या भएको आशंका

मधेशदृष्टि
रौतहट ।
रौतहटको सदरमुकाम गौर नगरपालिका–४ गढवा टोलमा एकजना विवाहित महिलाको शंकास्पद मृत्यु भएको छ । माइती पक्षले दाईजोको निँहुमा हत्या गरिएको आरोप लगाएका छन् । स्थानीय मौलापुर नगरपालिका अन्तर्गत बौधाटोल घर भई हाल गौर–४ मा बस्दैआएका सुनिल बैठाको २१ वर्षीया श्रीमति पुनम बैठा दुईदिन अघि आफ्नै घरमा पासो लगाएर झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । उनको घर परिवारका मानिसले पुनमले घरको ढोका भित्रैबाट लगाएर आत्महत्या गरेको परिवारिक व्यक्तिले बताउँदै आएका छन् । यता, पुनमलाई दाइजोको कारण हत्या गरेको उनको माइती पक्षले आरोप लयाएका छन् । भारतको बिहार मोतिहारी जिल्ला रसुलपुर घरभई हाल काठमाडौंमा व्यापार गरी बस्दैआएका मृतकको बुवा संजय बैठाले २०७७ साल जेठ महिनामा सामाजिक परम्परा अनुसार छोरी पूनमको सुनिल बैठासँग विवाह गरेका थिए, दाइजोको विषय लिएर छोरी पुनमलाई सधैँ कुटपिट गर्दै आएका ज्वाइ सुनिल बैठा र उसको आमा मिलेर हत्या गरेर घरमा झुन्ड्याएको आरोप लगाएका छन् । बिहेमा नगद रुपैयाँ कम दिएको, फर्नीचरको समाग्री नदिएको भन्दै यातना दिँदै आमा छोरा मिलेर छोरीको हत्या गरेको मृतकका बुवाको दाबी छ । ज्वाइँ संजय बैठाले आफ्नो बुवा बिजुली बैठाको इशारामा यो घटना गरेको माईती पक्षले आरोप लगाउँदै आएका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटले जाहेरी लिन समेत नमानेको मृतकका बुवाले गुनासो गरेका छन् । जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले मृतकको पोष्टमार्टम रिपोर्ट नआएसम्म साथै घटनाबारे अनुसन्धान पूरा नभएसम्म हत्या हो की आत्महत्या भन्न नमिल्ने बताएकी छन् । पोष्टमार्टम रिपोर्ट र अनुसन्धानबाट दोषी ठहर भएमा जो सुकै अपराधी भएपनि कारबाहीको दायरामा ल्याउने डिएसपी गिरीले बताइन् ।




# सरस्वतीका मूर्ति बनाउन भ्याइनभ्याइ



मधेशदृष्टि
सर्लाही ।
विद्याकीदेवी सरस्वतीको पूजा नजिकिएसँगै सर्लाहीका कालिगड (मूर्तिकार) लाई सरस्वतीका मूर्ति बनाउन भ्याइनभ्याइ भएको छ । वसन्तपञ्चमी अर्थात सरस्वती पूजाको दिनका लागि यहाँका कालिगडलाई विभिन्न किसिमका मूर्ति बनाउन भ्याइनभ्याइ भएको हो । वसन्तपञ्चमीको पूजामा सरस्वतीको मूर्तिबाट प्रशस्त आम्दानी हुने भएकाले जिल्लाका कालिगड मूर्ति बनाउन व्यस्त भएका राजीव महतोले बताए । विद्यालयहरुमा सरस्वतीको मूर्तिको माग बढी भएकाले यहाँका कालिगड मूर्ति बनाउन व्यस्त रहेका उनको भनाइ थियो । मूर्तिको आकार हेरेर मूल्य तोकिने भए पनि एउटा मूर्तिलाई दुई हजार रुपैयाँदेखि १४ हजार रुपैयाँसम्मका पर्ने कालिगड रामईश्वर पण्डितले बताए । गणेश पूजा, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजा र दुर्गा पूजालगायत पर्वमा मूर्ति बेचेर करिब तीन लाख रुपैयाँसम्म आम्दानी हुने गरेको उनले जानकारी दिए । ‘विशेष समयमा मूर्तिको माग बढी आउने भएकाले घरपरिवारका सबै सदस्य काममा लाग्ने गर्दछन्’, मूर्तिकार लक्ष्मी पण्डितले भने । उनका अनुसार सरस्वती पूजाका लागि यसअघिका वर्षभन्दा यस वर्ष बढी माग आएको छ । उनले वार्षिक तीन लाख रुपैयाँसम्म आम्दानी हुने गरेको बताए । विशेषगरी, कुमाल जातिको पुख्यौली पेसा भए पनि पछिल्लो समय समुदायका मानिसले पनि मूर्ति बनाउन थालेका स्थानीय इन्द्र न्यौपानेले बताए । उनका अनुसार अधिकांश निजी तथा सामुदायिक विद्यालयले सरस्वती पूजाका लागि मूर्ति बनाउन दुई महिना अघिदेखि कालिगडलाई सूचना दिने गरेका छन् । विद्यालय बाहिर टोलबस्तीमा गरिने पूजाको लागि भने पूजाको एकदिन अगाडि बिक्री स्थलमा गएर आफ्नो आर्थिक सामथ्र्य अनुसार सरस्वतीको मूर्ति छानेर खरिद गर्ने गरिएको स्थानीयवासी गोविन्द अधिकारीले बताए । मूर्तिको आकार र प्रयोग गरिएका सामग्रीका आधारमा प्रतिमूर्ति दुई हजार रुपैयाँदेखि १५ हजार रुपैयाँसम्म मूल्य पर्ने कालिगड सञ्जय रायले बताए । यो पेसाबाट आफू सन्तुष्ट रहेको भन्दै उनले यसबाटै सहज रुपमा जीविकोपार्जन भइरहेको बताए ।

# दैनिक ६० सवारी चालक कारबाहीमा



सञ्जय मिश्रा
रौतहट ।
पछिल्लो समय रौतहटस्थित ट्राफिक प्रहरीले सक्रियता बढाएसँगै नियम बिपरित चल्ने सवारीसाधन चालक कारबाहीमा पर्ने क्रम बढेको छ । नियम बिपरित चलेका दैनिक ६० सवारीसाधनलाई कारबाही गरेको गरेको जिल्ला ट्राफिक कार्यालयले जनाएको छ । जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक सुशील आचार्यको सकृयतामा नियम विपरित चल्ने सवारीसाधन कारबाहीमा पर्ने गरेका छन् । कारबाहीबाट राजश्व संकलनमा समेत वृद्धि भएको छ । चालु आर्थिक बर्षको ६ महिनाको अवधिमा मात्रै ट्राफिक नियम बिपरित चलेका १० हजार भन्दा बढी सवारीसाधनलाई कारबाही गरेर ८८ लाख रुपैयाँ भन्दा बढी राजश्व संकलन गरिएको छ । ट्राफिक प्रहरीको विभिन्न युनिटले गत साउन महिनामा नियम बिपरित चलेका तीन हजार ८२, भदौमा १५ सय ८८ असोजमा नौ सय ३९, कार्तिकमा १५ सय ७, मंसिरमा १६ सय २९ र पुस महिनामा १७ सय २३ सवारीसाधनलाई कारबाही गरेको छ । गत साउन देखि पुस मसान्तसम्म मात्र ६ महिनाको अवधिमा नियम विपरित चलेका १० हजार ४५९ सवारीसाधनलाई कारबाहीको दायरामा ल्याईएको जिल्ला ट्राफिक प्रहरी प्रमुख इन्स्पेक्टर सुशील आचार्यले बताएका छन् । उक्त कारबाहीबाट कुल ८८ लाख,३३ हजार पाँचसय रुपैया राजश्व संकलन गरिएको ईन्सपेक्टर आचार्यले जानकारी दिए । सोही अवधिमा जिल्लाभरिमा भएको तीन सय दुई सवारी दुर्घटनामा परेर २ महिला, २ बालबालिकासहित २६ जना मानिसको ज्यान गएको छ । त्यस्तै उक्त दुर्घटनामा परेर चार सय ७२ जना मानिस घाईते भएको तथ्याङ्कमा उल्लेख गरिएको छ । दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले जिल्लास्थित विभिन्न ठाउँहरुमा सचेतनामूलक कार्यक्रमको आयोजना गर्दै आएको छ । साउनदेखि पुससमान्तसम्म जिल्लाको विभिन्न स्थानमा आयोजना गरिएको ८७९ वटा कार्यक्रममा सवारीचालक, यात्रु, सर्वसाधारण गरी कुल ३७ हजार ३९६ जना मानिस सहभागी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनगाहपुरले जनाएको छ । त्यस्तै दुर्घटना न्यूनीकरणको लागि सवारीसाधनहरुमा स्टिकर टाँसदेखि पूर्व पश्चिम राजमार्ग छेउछाउमा ठूलो ठूलो हुडिङ बोर्ड राखेको छ । त्यतिमात्र नभई जिल्लाको १८ वटै स्थानिय तहमा बढदो सवारीसाधनको चाप लाई मध्यनजर गर्दै सुरक्षाको दृष्टीकोणले हाल रौतहटको गौर, बमनहर, चन्द्रनिगाहपुर, बागमती, डुमरिया, गरुडा, शिवनगर, शुकदेव चौक, बन्कुल, मौलापुर, बिजयपुरलगायतको स्थानमा स्थायी ट्राफिक बिट राखेको जनाएको छ । बिगतमा सहरी क्षेत्रमा मात्र सीमित रहेको ट्राफिक प्रहरी हाल रौतहटको ग्रामीण क्षेत्रमा समेत सेवा दिइरहेको देखिएको छ ।

# नागेन्द्रलाई ह्विलचियर सहयोग प्राप्त



मधेशदृष्टि
रौतहट ।
रौतहटको फतुवा बिजयपुर वडा नम्बर १ गमहरिया गाउँका अपाङ्ग नागेन्द्र यादवलाई घुसुकपुरका युवा समाजसेवी मुकेश कुमार यादवले व्यक्तिगत लगानीमा ३० हजार रुपैयाँ पर्ने एकथान ह्विलचियर सहयोग गरेका छन् । अहिले अपाङ्ग भएका यादवको ढाडमा केही वर्षअघि बोन टिबि भएको थियो । उपचारको क्रममा दुई वर्षअघि ट्रमा सेन्टर काठमाडौंमा ढाडको अपरेसन गर्दा ढाडको नसा काटिएर उनी अपाङ्ग भएका थिए । त्यसपछि ५० वर्षीय पीडित यादव बाध्य भई पूर्ण अपाङ्ग बनेर घरभित्रै बसेर जीवन निर्वाह गर्दै आएका थिए । ह्विलचियरका लागि पटकपटक वडादेखि नगरपालिकामा सहयोगको अपिल गर्दा पनि कतैबाट सहयोग प्राप्त नभएको उनको भनाइ छ । तर, आफूलाई उपचारत हुँदादेखि नै जसपाका केन्द्रीय सदस्य समेत रहेका मुकेश यादव बुबाले पटकपटक सहयोग गर्दै आएको उनले सुनाए । मुकेश यादवले सोमबार व्यक्तिगत लगानीमा ह्विलचियर सहयोग गरेका हुन् । लामो समयदेखि अपाङ्ग बनेका यादवले ह्वीलचियर पाएपछि खुसी लागेको सुनाए ।

# शारदा कन्स्ट्रक्सनसहित २२ कम्पनी कालोसूचीमा




मधेशदृष्टि
वीरगंज ।
सार्वजनिक खरिद अनुगमन कार्यालयले २२ वटा निर्माण तथा आपूर्ति कम्पनीहरुलाई कालोसूचीमा राखेको छ । कार्यालयले सोमबार एक सूचना जारी गर्दै ती कम्पनीलाई कालोसूचीमा राखिएको जनकारी गराएको हो । ‘विभिन्न निकायबाट लेखी आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिदेखि लागू हुने गरी २२ वटा कम्पनीलाई कालोसूचीमा राखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ । कालोसूचिमा राखिका कम्पनीहरुमध्ये चार वटा कम्पनीलाई तीन वर्ष, एउटा कम्पनीलाई साढे दुई वर्ष, चार वटा कम्पनीलाई दुई वर्ष, पाँच वटा कम्पनीलाई डेढ वर्ष र बाँकी आठ वटा कम्पनीलाई एक वर्ष कालोसूचीमा राखिएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार कालोसूचीमा राखिएका निर्माण व्यवसायी तथा आपूर्तिकर्तालि कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन सक्ने पाउने छैनन् ।

जसले साँच्चै जनताको इतिहास बनाउन चाहे, तिनीहरु सहिद हुन पनि तयार भए।

– एलिस्टर

## सम्पादकीय

# सहिद सप्ताह र दुर्गानन्द झा

*मुलुकभर सहिद सप्ताहको रौनक छ । एक सातासम्म सहिद सप्ताह मनाउने गरिएको छ । नेपाल सरकारले नै यसको नेतृत्व गरिरहेको छ । सहादतले स्वतन्त्रता पाएको गौरवगाथा गाउने गरिएको छ । तर जातजातिका स्थानीय पर्वमामा समेत सार्वजनिक बिदा दिइने देशमा सहिद दिवसमा बिदा दिइएको छैन । यसलाई राज्यको पनि कमजोरी नै मान्नु पर्छ कि नेपालको परिवर्तनमा यिनैको सहादत छ । मधेशको परिवर्तनमा यिनकै सहादतले काम गरेको छ । तर सत्तामा पुगेपछि उनीहरुको शालिकमा माल्यार्पणका भरमा सम्मानगारद् पूर्ण भएको सन्देश गइरहेको छ । यति मात्रैले सहिदको सम्मान भएको पुग्दैन होला । सहिदले माग्दैनन्, बाँचेकाहरुले बिर्सँदै गएका छन् । यसलाई पक्कै गरिमामय बनाउने काममा हल्काफुल्का औपचारिकताले नै टार्ने काम भइरहेकोमा शंका छैन । यसै प्रसंगमा दुर्गानन्द झा स्मारक निर्माण समिति तथा जनकपुरधाम उपमहानगर पालिका वडा नम्बर २३ ले प्रथम गणतन्त्रवादी सहिद दुर्गानन्द झाको ६१ औँ बलिदान दिवस आयोजना गरेको विषय पन िजोड्न सान्दर्भिक ठानिएको छ ।*

*गणतन्त्रका लागि तत्कालीन राजा महेन्द्र शाहउपर जानकी मन्दिर प्राङ्गणमा बम प्रहार गरी वीरता देखाएका र तत्कालीन शासकसमक्ष नझुकेर आफनो ज्यानको आहूति दिएका अमर सहिद दुर्गानन्द झा स्मारक निर्माण समितिद्वारा जनकपुरधाम–२३ लादोस्थित सोनासती माईस्थानमा छेउमै छ लेनको सडकमा सहिद झाको शालिक स्थापना गरिएको छ । शालिक अनावरणका लागि आयोजना गरिएको ६१ औँ बलिदान दिवस समारोहमा दुर्गानन्दका सहयात्री प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी राजेश्वर नेपालीले पूर्ण कदको अष्टधातुको छ फिटको प्रतिमा तयार भएको दश वर्षपछि २०८० जेष्ठ १५ गते शालिक अनावरण गरेका थिए । संघीय लोकतान्त्रिक गणतन्त्रका अथक योध्दा राजेश्वर नेपालीले अमर सहिद दुर्गानन्दको बलिदानी दिवसलाई राष्ट्रव्यापीरुपमा मनाउन र सोबाट दलहरुले शिक्षा लिन आवश्यक भएको बताउने गरेका थिए । दुर्गानन्दकै कारण देशमा गणतन्त्र भएको २०४७ सालदेखि नै आफ्नो कलमका माध्यमले आवाज उठाउँदै आइरहेको बरोबर नेपालीले भन्ने गरेका थिए । उनले नै अमर सहिद दुर्गानन्द झाको नाममा राष्ट्रिय राजमार्गको नामाकरण तथा संग्रहालय स्थापना गर्न सरकारसँग जोडदार माग गर्दै आएका थिए ।*

*सोमबारको कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले विसं २०१८ माघ ९ गते राजा जनकपुरधाम आउँदा १९ वर्षीय युवानेता दुर्गानन्द झाले जानकी मन्दिर प्रांगणमा राजा सवार गाडीमाथि बम प्रहार गर्दा राजा बालबाल बाँचेको र दुर्गानन्दलाई सुरक्षाकर्मीले पक्राउ गर्न नसकेको सुनाउ । उनका नाममा पक्राउ परेका अन्य साथीमाथि बर्बर्तापूर्ण यातना दिइएको सुनेपछि स्वयम् २०१८ साल वैशाखमा दुर्गानन्दले आफै गिरफ्तारी दिएका थिए । विसं २०२० साल १५ गते राति काठमाडौँस्थित सुन्धारा कारागारमा फाँसीमा झुण्ड्याई गोली हानेर मृत्युदण्ड दिइएको थियो । उनले हातमा गीता पुस्तक लिएर हासिहासी प्रजातन्त्रका लागि मृत्युवरण गरेका थिए । दुर्गानन्द झाको योगदानलाई अमर बनाउन सबैमा नगरप्रमुख साहले आग्रह गरे । नेपाल टेलिभिजनका पत्रकार श्रीनारायण साहले उद्घोषण गरेको बलिदानी दिवस कार्यक्रममा कवि चन्द्रशेखर राय चमनले कविता वाचन गरेका थिए भने पत्रकार कमल साहले झाको योगदानमाथि प्रकाश पारेका थिए । लोसपाका नेता रामचन्द्र साह, नेकपा एमालेका तफिकुल राईन, नेपाली कांग्रेसका शम्भु साह, डा.शम्भु साह, योगेन्द्र साह, रामनरेश साह, सफिकुल्ला राईन, सरफुदीन राईन, वडा सदस्य माहीनुदीन राईन, गंगाराम महतोलगायत समाजका अगुवा व्यक्तिले झाको सम्झना गरेका थिए ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सहिदलाई सम्मान गरौँः राजनीति नगरौँ

**प्रा. डा. तीर्थप्रसाद मिश्र**

विश्वमा आफ्नो देशका बहुसंख्यक जनताको स्वार्थको अगाडि लामो सङ्घर्ष गर्दागर्दै उद्देश्य प्राप्तिका लागि आफ्नो जीवन नै उत्सर्ग गर्ने, जीवन आहुति दिने वा मृत्युवरण गर्ने व्यक्तिलाई सम्मान गर्न सहिद घोषणा गर्ने प्रचलन छ। सहिदले देखाएको मार्गमा लागिरहन तथा ती महामानवहरूको बलिदानको गाथा भावी पुस्तालाई जानकारी गराउन सहिद दिवस मनाउने प्रचलन संसारभरि नै चलेको देखिन्छ । मुलुकको स्वतन्त्रता, सार्वभौमिकता र आत्मसम्मानका लागि अनवरत र अथकित सङ्घर्ष गर्ने क्रममा तत्कालीन शासकबाट मृत्युदण्ड पाएकाहरुलाई पनि सम्बन्धित व्यक्तिको योगदानको स्मरण गर्न सहिद घोषणा गर्ने परम्परा चलेको हो।

अब नेपालको सन्दर्भतिर लागौं। नेपालमा सहिद घोषणाको इतिहासलाई हेर्दा जहानियाँ राणा शासनका विरुद्धमा लागेको आरोपमा जीवन उत्सर्ग गर्ने सपूतहरूलाई सहिद भन्ने गरिएको देखिन्छ। विसं २००७ को परिवर्तनपश्चात् १९९७ सालको प्रजापरिषद्को काण्डमा मृत्युदण्ड पाएका धर्मभक्त माथेमा, दशरथ चन्द, गङ्गालाल श्रेष्ठ तथा शुक्रराज शास्त्री गरी चार जनालाई सहिदको घोषणा भयो।

यसैगरी २००७ सालको आन्दोलनको क्रममा मृत्यु भएका थिरबम मल्ल र २००८ सालमा दिल्ली सम्झौताको विरुद्धमा भएको आन्दोलनमा विश्व निकेतन स्कुलका १४ वर्षीय छात्र चिनियाकाजी श्रेष्ठलाई गोली लागी मृत्यु भएकामा उनीहरुलाई पनि सहिदको सम्मान दिइयो।

विसं २०४६ को आन्दोलन सफल भएपछि राजा महेन्द्रको २०१७ सालको काण्डको विरोधमा प्राणदण्ड पाएका र पञ्चायतको विरोधमा लागेकाको आरोपमा जीवन उत्सर्ग गरेकालाई सहिदको सम्मान दिइयो। यसमा जगतप्रकाशजङ्ग शाह, लालध्वज गुरुङ, दुर्गानन्द झा, तेजबहादुर अमात्य, सरोजप्रसाद कोइराला, भीमदत्त पन्त, रत्नकुमार बान्तवा, वीरेन्द्र राजवंशी, भीमनारायण श्रेष्ठ तथा यज्ञबहादुर बस्नेत आदिलाई सहिदको सम्मान दिइएको थियो । यसैगरी राणाविरोधी आन्दोलनमा मृत्युदण्ड पाएका लखन थापा तथा बाँकावीरलाई पनि सहिद घोषणा गरियो। यसैगरी २०४६ को आन्दोलनमा सहादत प्राप्त गर्ने १९ जनालाई सहिदको सम्मान प्रदान गरियो। २०६२÷६३ को आन्दोलनपश्चात् सहिद घोषणा र सम्मान कार्यमा निकै ठूलो भेल आएको देखिन्छ।

विसं २०६५ पुस ९ गते छ हजार २४४ जना २०६७ असार ९ गते एक हजार ६१९ जना तथा २०७४ माघ ३ गते १९० जना व्यक्तिले सहिदको सम्मान पाए। यसैगरी पुष्पकमल दाहाल प्रधानमन्त्री भएको बेलामा आठ हजार पाँच जनालाई सहिदको सम्मान दिएकामा २००० जनाको त नामथर नै नखुलेको टिप्पणी पनि भयो। यसैगरी माधवकुमार नेपाल प्रधानमन्त्री भएको बेलामा चार हजार र मधेश आन्दोलनमा मारिएका ५२ जनालाई सहिद घोषणा गरियो। माओवादी द्वन्द्वको क्रममा मारिएका (सरकारी र विद्रोही दुवै पक्षका) सबैलाई सहिद घोषणा गरियो।

प्रत्येक राजनीतिक र अन्य निर्दिष्ट उद्देश्य प्राप्तिका लागि भएको आन्दोलनमा मृत्यु भएकाहरुलाई रु १० लाखसहित सहिद घोषणा गर्ने कार्य बडो उदारतापूर्वक हुँदै गइरहेको छ। यसै क्रममा पछिल्लो पटक कोरिया भाषा परीक्षा लिने विषयमा भएको आन्दोलनमा प्रहरीको गोली लागि मारिएका दुईजनालाई पनि रु १० लाखसहित सरकारले सहिद घोषणा गर¥यो। नेपालको हालसम्मको सहिदको तथ्याङ्क सङ्कलन गर्न पनि अनुसन्धानकै खाँचो पर्ने देखिन्छ। सातौं शताब्दीमा नेपाल आएका चिनिया यात्री हु यन साङले नेपालमा कृषकभन्दा व्यापारी बढी भएको र उन्नाइसौँ शताब्दीमा नेपाल आएका अङ्ग्रेज दूत कर्क प्याट्रिकले काठमाडौँमा घरभन्दा मन्दिर बढी र मानिसभन्दा मूर्ति बढी भएको टिप्पणी गरेको सन्दर्भमा एक्काइसौँ शताब्दीमा नेपाल सहिदै सहिदको देश भनेर पहिचान नहोला भन्न नसकिने अवस्था छ।

नेपाल सरकार सहिदको स्थापित मर्म, मान्यता, आदर्श र सन्देश बुझेर पनि त्यसलाई अवमूल्यन गर्ने कार्यतर्फ अग्रसर भएको छ। राजनैतिक पार्टीमा शिर्ष नेताहरु आफ्ना कार्यकर्तालाई प्रसन्न गराउन र जनताबाट शुभेक्षा प्राप्त गर्न सहिद घोषणा गरी १० लाख रुपैयाँ उपलब्ध गराउन कसरत गरिरहेका छन्। वस्तुनिष्ठ मापदण्डका आधारमा घोषणा गर्नुपर्नेमा समर्थकलाई सहिद घोषणा गर्न नेपाल बन्द, चक्काजाम, अनशन, धर्ना जस्ता संयन्त्र अवलम्बन गरिएको देखिन्छ। दुर्घटनामा परेकालाई समेत सहिद घोषणा गर्ने माग आएका दृष्टान्त पनि देख्न पाइन्छ। सहिदकै फोटो बोकेर मत माग्ने गरेको दृश्य पनि यहाँ देख्न पाइन्छ। सहिद मुलुकका गहना हुन् कुनै पार्टीका पेवा होइनन् भन्ने हेक्का राख्नुपर्ने तथ्यमा ध्यानै गएको देखिँदैन । यस प्रकार सहिद घोषणा गर्दा राजनीतिक आग्रह एवं तुष्टीकरणको नीति लिँदा सहिदको मर्म, मान्यता तथा सन्देशकै खिल्ली उडेको छ।

सहिद कसलाई भन्ने हो त ? त्यसतर्फ विचार गरौँ। नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशमा सहितको अर्थ आफ्नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति भन्ने दिइएको छ। यस अर्थमा नेपालको इतिहासमा विभिन्न महामानवहरूले देशको अस्तित्व, अस्मिता, स्वाभिमान र स्वतन्त्रता प्राप्त गर्ने सङ्घर्षमा ज्यान गुमाएका छन्। राष्ट्रपति बफादार र कर्तव्यनिष्ठ हुँदाहुँदै पनि प्राणदण्ड पाएका थुप्रै घटना छन्। ती सबै श्रद्धेय सपूत सहिद नै हुन्। इतिहासको विभिन्न कालखण्डमा यस्ता पात्र धेरै भए। भोटमा विशेष सुविधा दिलाई कान्तिपुर र कालान्तरमा नेपालकै श्रीवृद्धि गर्ने काजी भीम मल्ल काटिए।

यसैगरी गोरखाको सैनिक परिचालनको क्रममा मारिएका जयन्त राना तथा कालु पाण्डे, षड्यन्त्रकारी राजनीतिको चपेटामा परी हत्या गरिएका देशभक्त सर्वजित राना, दामोदर पाण्डे तथा माथवरसिंह थापा जस्ता हस्तीहरूले सहिदको सम्मान पाउने कि नपाउने ? राणा शासनकै विरुद्ध लागेका लखन थापा र बाँकावीरलाई सहिद घोषणा गर्दा अमरविक्रम शाह सिजापति काण्डमा परेका तथा सुब्बा कृष्णलाल अधिकारी जस्ता सपूतप्रति अन्याय भएन र ? भन्ने प्रश्न उठेको छ। यसतर्फ ध्यान दिने बेला आएको छ।

नेपालका सन्दर्भमा सहिदको वस्तुनिष्ठ मूल्याङ्कन गरी आवश्यक मापदण्ड निर्धारण गर्न गठित प्रश्रित र सुवेदी आयोगले पनि भने जस्तो कार्य गर्न सकेनन् । राजनैतिक तुष्टीकरणको नीति लिँदा सहिदकै मानमर्दन भइरहेको प्रशस्त टिकाटिप्पणी र चर्चापरिचर्चा हुँदा पनि यस विषयमा मुलुकले पर्याप्त ध्यान दिएर भविष्य उन्मुख योजना बनाउन सकेको छैन। नेपालको पहिलो सहिद को हो ? भन्ने विवाद पनि चर्किएको छ। प्रथम सहिद लखन थापा भन्ने गरिएकामा पूर्वप्रधानमन्त्री केपी ओलीले एक कार्यक्रममा बाँकावीर नै पहिलो सहिद भएको उद्घघोष गर्नु भएको थियो।

सहिद गेटमा चार सहिद र अग्रभागमा त्रिभुवनको सालिक राखिएको छ । तिनै राजा त्रिभुवनको आदेश (हुन त राणा प्रधानमन्त्री जुद्धशमशेरको अगाडि उनको केही चल्दैनथ्यो ।)बाट ती चारजनाले मृत्युदण्ड पाएको तथ्य पनि बिर्सन हुँदैन। अतः यस विषयमा पनि बेलाबेलामा चर्चा चलेकै छ। हेटौँडामा नगरपालिकाले एउटै ढुङ्गामा १२ सहिदको आकृति कुदाएर राखेको छ। त्यसमा जगतप्रकाशजङ्ग शाह तथा भीमनारायण श्रेष्ठ किन परेनन् भन्ने कुरामा सहिद परिवारकै असन्तुष्टि प्रकट भएको छ। यसैगरी सहिदलाई मरणोपरान्त विभूषण प्रदान गर्दा सहिद भीमनारायणको परिवारले बहिष्कार गरेको घटना पनि ताजै छ।

विसं २०६२÷६३ को आन्दोलनपश्चात् द्वन्द्वका क्रममा मारिएका असङ्ख्यलाई सहिद घोषणा गराउने घटनाप्रति आपत्ति जनाउँदै सहिद परिवारकै १२ जना सदस्यले सहिदलाई अपमान गरेकामा सामूहिक आत्मदाह गर्ने चेतावनी दिएका थिए। जिउँदो सहिद भनेर टङ्कप्रसाद आचार्य र मुकेश कायस्थलाई भन्ने गरिँदा यस्तै खड्गमान सिंह जस्ता किन परेनन् ? भन्ने कौतुहल पनि जागेको छ। सहिद परिवारबाटै आएको सहिदको सम्मान भएन भन्ने आवाजलाई पनि सुन्नै पर्छ कि ?

सहिदको सम्मान घोषणा गर्दा राजनैतिक आग्रह राखिनु उपयुक्त हुँदैन। आन्दोलनकारीलाई खुसी बनाउन रु १० लाख दिइ सहिद घोषणा गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ। सहिद मुलुकै गहना हुन्, प्रतिष्ठा हुन् र भविष्यमा सन्ततिका मार्गदर्शक हुन् भन्ने कुरा मनन गर्नै पर्दछ । अब सहिदको अवधारणा र स्थापित मान्यताको आधारमा उचित मापदण्ड निर्धारण गरिनुपर्दछ।

नेपालको ऐतिहासिक कालखण्डमा देखिएका मुलुकको उन्नति स्वाभिमान र स्वतन्त्रताको रक्षाका लागि आफ्नो जीवन उत्सर्ग गर्नेहरूको कार्य र योगदानको आधारमा भविष्य उन्मुख योजना बनाउनु जरुरी छ । यस्तो कार्यमा सरकारले तुष्टीकरणको नीतिबाट पृथक् भई कर्मकाण्डी आयोग वा अध्ययन दल बनाउनु किमार्थ हुँदैन। समाजका सम्बद्ध सबै पक्षसँग राय सल्लाह लिने गरी एउटा उच्चस्तरीय आयोग बनाउनु बाञ्छनीय देखिन्छ । यसरी कार्यविधि बनाई उचित ढङ्गले सहिदको वर्गीकरण हुँदा सबैको यथायोग्य सम्मान हुँदो हो।

नेपालमा माघ १६ गते सहिद दिवस मनाउने प्रचलन २०१२ सालबाट प्रारम्भ भएको हो। तर, प्रदेश सरकारले भने हाल आआफ्नै अनुकूल सहिद दिवस मनाउँदै आएका छन्। कर्णाली प्रदेशले भदौ ४ गते सहिद दिवस मनाउने गरेको पाइन्छ। सहिद दिवस औपचारिक कार्यक्रम गर्नेमा मात्र सीमित नरहोस् । सहिदको बलिदान स्मरण गर्दै उनीहरूले देखाएको मार्गमा अग्रसर हुनु नै ती महान् आत्माप्रति गरिने सच्चा सम्मान हो। सम्पूर्ण ज्ञातअज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जलि !

# सहिद दिवस र हाम्रो दायित्व

नेपालको लोकतान्त्रिक आन्दोलन तथा मधेश आन्दोलनका सबै ज्ञात अज्ञात सहिदहरुप्रति आज सहिददिवसको पुनित अवसरमा हार्दिक श्रद्धाञ्जलि अर्पित गर्दछौँ। १९९७ सालमा निरंकुश राणा शासनको विरोधमा लागेका अमर सहिदशुक्रराज, धर्मभक्त, गंगालाल र दशरथ चन्दलाई गोली दागेर हत्या गर्दा देशमा अनेक सहिद जन्मेका थिए।

२००७ सालको जनक्रान्ति पछि हरेक वर्ष माघ १० देखि १६ गतेसम्म सहिदसप्ताहको आयोजन गरिन्थ्यो । तर २०१७ सालमा प्रजातन्त्रको हत्यापछि त्यो हराउदै गयो। २०१८ माघ ९ मा राजा महेन्द्रमाथि बम प्रहार गर्दा वीर दुर्गानन्द झालाई २०२० माघ १५ गते गोली दागेर मृत्युदण्ड दिइएको थियो। नेपालकै इतिहासमा उहाँ पहिलो गणतन्त्रवादी सहिद हुनुभयो अझ भनौ भने उहाँ प्रथम ब्राम्हण सहिद भएर नेपालको लोकतान्त्रिक आन्दोलनमा हजारौं हजारको बलिदान पछि २०६५ जेष्ठ १५ मा संघीय लोकतान्त्रिक गणतन्त्र भइसकेको छ तर सहिदहरुका भावना अनुसार सबैले हरेक जातजाति र भाषाभाषीहरुका कल्याण हुने गरी नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान लेख्नु परेको छ। जबसम्म देशका शोषित, पीडित र उपेक्षित जनताले समानताको हक उपभोग गर्न सक्दैन यस्को कुनै अर्थ रहने छैन।

आजको पवित्र दिनमा सरकार सार्वजनिक अवकाश दिएर मात्र हुँदैन बरु सहिदका आश्रितहरुका भरण पोषणको व्यवस्था गर्नु पर्दछ। त्यस्तै सहिदका नाममा त्यस क्षेत्रका सार्वजनिक संस्था विद्यालय, क्याम्पस आदिको नामकरण गरेर सहिदहरुका बलिदान आम जनतामा पुरयाउनु पर्दछ। तसर्थ आजको दिनमा हामी सबैले सहिदहरुका भावना अनुसारका गणतन्त्र बनाउनु पर्दछ। जसले देशमा कोही शोषित पीडित र उपेक्षित नरहोस्। त्यसैगरी देशमा कोही उपचारको लागि ज्यान गुमाउन नपरोस् भने सरकारले शिक्षा, स्वास्थ्य र आवासको व्यवस्था गरी स्वस्थ्य समाजको निर्माण गर्नु पर्दछ।

अबको संघीय लोकतान्त्रिक गणतन्त्रमा कोही भोकै नरहोस र हरेकलाई बस्न एउटा घर समेतको आवासको सरकारले व्यवस्था गर्नु पर्दछ।

लोकतन्त्रका लागि शहादत प्राप्त महान क्रान्तिकारीहरुका इतिहास नयां पीढिलाई अनन्तकालसम्म प्रेरणा दिई रहोस् हाम्रो हार्दिक शुभकामना छ। मधेश आन्दोलन समेतका नेपालको हरेक लोकतान्त्रिक आन्दोलनमा शहादत प्राप्त वीर सहिदहरुप्रति फेरि कोटिशः नमन गर्दछौँ। अन्तमा १९९७ सालमा माघ १५ गते गंगालाल र दशरथ चन्द्रलाई मृत्युदण्ड दिइएकै दिन २३ वर्ष पछि २०२० माघ १५ मा प्रथम गणतान्त्रिक योद्धा दुर्गानन्द झालाई गोली हानी मृत्यु दण्ड दिइएकोले अबको गणतान्त्रिक नेपालमा माघ १५ गतेलाई नै सहिददिवस मनाउनुपर्ने दिशामा प्रतिनिधि सभा,प्रदेश सभा र सरकारले विचार गर्नु पर्ने हाम्रो विनम्र अनुरोध छ।

सहिद सप्ताहको अवसरमा माघ १० देखि १६ गतेसम्मको विभिन्न आयोजनाहरुमा प्रथम गणतन्त्रवादी सहिद दुर्गानन्द झालाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्ने माग उठेको मात्र होइन कि अमर सहिद दुर्गानन्द झाको ६१ औँ बलिदान दिवसको अवसरमा एक सर्वसम्मत प्रस्ताव पारित गर्दै गणतन्त्रको लागि तानाशाह राजामाथि बम प्रहार गरेर अद्वितीय वीरताको प्रदर्शन गर्नु भएका महान क्रान्तिकारी दुर्गानन्दको सौर वीरताले नेपाल गणतन्त्र भइसकेको पन्ध्र वर्षमा पनि उहाँको काठमाडौँको सहिद गेटमा स्मारक निर्माण न हुनु खेदपूर्ण रहेको छ।

आज भन्दा ६१ वर्ष पूर्व निरंकुश राजतन्त्रको अन्तको लागि तानाशाह महेन्द्रमाथि बम प्रहार गरेर पनि पक्राउ पर्न नसकेका महान क्रान्तिकारी युवा छात्र दुर्गानन्द चौथो महिनामा आफ्नो गिरफ्तारी स्वयम् दिएर हासिहासी बलिवेदीमा चढेर गणतन्त्रको लागि बलिदान हुनु भएकाले १९९७ सालका वीर सहिदहरुकै श्रेणीमा राखेर बलिदान दिवस मनाउनु पर्नेमा त्यस्ता केही नहुनु राम्रो मान्न सकिदँैन।

लोकतान्त्रिक संघर्षको क्रममा १९९७ साल माघ १० देखि १५ सम्ममा शुक्रराज, धर्मभक्त, गंगालाल, दशरथचन्द्र सहिद हुनु भए जस्तै महान क्रान्तिकारी युवक दुर्गानन्दलाई २०२० माघ १५ मा मृत्यु दण्डराज्यबाट दिइएकोले प्रथम गणतन्त्रवादी सहिद उहाँलाई गणतन्त्र नेपालले राष्ट्रिय विभूति घोषित गर्दै राष्ट्र गौरवको सम्मान दिनुको साथै पाठ्य पुस्तकहरुमा प्रथम गणतन्त्रवादी सहिदको जीवनी राख्नु अत्यावश्यक छ।

यस दिशामा सम्पूर्ण गणतन्त्रवादी दल र जनता सबैले सरकारमाथि दवाव दिनु पर्दछ र महान क्रान्तिकारी जस्ले गणतन्त्रको लागि आफ्नी नवविवाहिता श्रीमती र ममतामयी आमाको भरण पोषणको ख्यालसम्म नगरी देश र जनताको लागि आफूलाई कुर्वान गर्नु भएका थिए उनको बलिदानलाई चिरस्मरणीय बनाउन राष्ट्रिय विभूति घोषित गर्नु अत्यावश्यक छ।

अन्त्यमा जनकपुर बौद्धिक समाजका अध्यक्ष राजेश्वर नेपालीको लामो प्रयासले गणतन्त्रका प्रथम सहिद दुर्गानन्द झासमेत वरिष्ठ प्रजातन्त्र सेनानी पं.रामाकान्त झा, वरिष्ठ साहित्यकार भुवनेश्व र पाथेय र पं.अमृतनाथ मिश्रको हुलाक टिकट प्रकाशन भइसकेको छ।

जनपकुर बौद्धक समाजबाट २०४७ सालदेखि नै उहाँको बलिदान दिवस मनाउँदै उहाँलाई सहिद घोषणा र हुलाक टिकट प्रकाशनको लिखित रुपमा माग गर्दा गर्दै २०७२ फाल्गुण १९ मा सहिद घोषणा र २०७३ मार्ग १ मा सरकारले उहाँ समेतका सहिदहरुका हुलाक टिकट प्रकाशन गर्ने निर्णय गरेको थियो। उहाँले नै २०८० जेष्ठ १५ गते दुर्गानन्द झाको शालिक अनावरण गरिसक्नु भइको छ। अतः महान क्रान्तिकारी राष्ट्रिय विभूति दुर्गानन्दलाई कोटिशः नमन गर्दछौँ।

# हरेक जनप्रतिनिधि सक्षम र दूरदर्शी बन्नुपर्छः राठौर

“

‘आजको अवस्था र २० वर्षअघिको अवस्था हेर्दा थाहा हुन्छ, परिवर्तन नभएको होइन, भएको छ । हामीले आफूलाई पर्दा जे गर्न पनि तयार छौँ तर कानुन मान्न कोही तयार छैनौँ । कानुन पनि गरिबको लागि र कमजोरका लागि जस्तो भएको छ । सबैले कानुन मान्ने समाज बनाउन आवश्यक छ ।’

**किशोरसिंह राठौर**
प्रतिनिधिसभा सदस्य



- *वर्तमान निर्वाचन प्रणालीले अस्थिर सरकार बन्ने देखियो*
- *भ्रष्टाचार आर्थिक पाटो मात्रै होइन आचरणको कुरा पनि हो*
- *संसदीय समिति पनि क्रियाशील हुन सकिरहेका छैनन्*
- *हाम्रो समाजले अहिले पनि छिटो परिणाम खोज्ने गर्छ*

**रासस**
**नेपालगन्ज ।**
मुलुकमा नयाँ संविधान जारी भएपछि सम्पन्न तीनै तहका चुनावी प्रतिस्पर्धा तथा अभियानलाई नियाल्दा ती सबै निर्वाचन प्रणालीप्रति जनता र बौद्धिक व्यक्तित्वबाट निरन्तर प्रश्न उठ्न थालेका छन् ।
अहिलेसम्मका अभ्यासले वर्तमान निर्वाचन प्रणालीले अस्थिर सरकार बन्ने देखियो । संसदीय व्यवस्थालाई मजबुत बनाउनका लागि संसद्, सांसद र सरकारको भूमिकामा अलि फरकपन आउनुपर्छ । पार्टीले नै चुनाव लड्ने र पार्टीले नै प्रतिनिधि पठाउने ग¥यो भने जुन किसिमको विकृति देखिएको छ त्यसको न्यूनीकरण हुन्छ भन्ने मलाई लाग्छ । नेपालमा संसदीय अभ्यास लामो छैन । लामो संसदीय अभ्यास गरिसकेको भारतसमेतका धेरै प्रजातान्त्रिक मुलुकमा पनि विकृति देखिएका छन् । हाम्रो मुलुक त भर्खरै गणतन्त्रसहितको संसदीय अभ्यासमा छ, तर यसको विकल्प पनि छैन । हामीले यसलाई परिमार्जित गरेर र अझ समुन्नत बनाएर लैजानुपर्ने आवश्यकता छ ।
अहिलेको निर्वाचन प्रणाली हेर्दा दलीयजस्तो तर व्यक्तिले चुनाव लड्नेजस्तो भयो ।
व्यक्तिले चुनाव लड्दा हाम्रो समाजको स्वरुप पनि हेर्नुपर्छ । हामीले लामो सङ्घर्ष ग¥यौं, लडाइँ लड्यौँ र तीन तीन वटा आन्दोलनको नेतृत्व ग¥यौं । हामीले पञ्चायत फाल्यौँ, राणा शासन फाल्यौँ र राजतन्त्र फाल्यौँ । अहिले सारा अधिकार जनतामा निहीत छ । अधिकार जति जनतामा छ तर जनताको चेतनाको विकास बढेको छैनजस्तो लागिरहेको छ ।
जनताले भोट हाल्दा जातका आधारमा, धर्मका आधारमा र प्रलोभनमा परेर हाल्ने प्रवृत्ति देखिएको छ । यो विकृति हो । भोट के का लागि दिने, किन दिने भन्ने कुराको पर्याप्त ज्ञान नभएका कारण विकृति देखापरिरहेको छ । बरु सम्पूर्ण चुनावलाई समानुपातिक पद्धतिमा लैजानु उपयुक्त हुने मेरो दृष्टिकोण छ । यसो गर्दा दलले चुनाव लड्छ । राम्रो वा नराम्रो कुराको जिम्मेवार पार्टी स्वयम् नै हुन्छ ।
अहिले समाजमा देखिएका विकृति विस्तारै हट्दै जान्छन् भन्ने लागेको छ । समाज एकैरुपमा सधैँ स्थिर भएर रहन सक्दैन । भन्नैपर्छ, हाम्रो समाज अहिले पनि छिटो परिणाम खोज्ने किसिमको छ । हामीले राजनीतिक परिवर्तन गर्यौँ र आर्थिक परिवर्तन पनि हुँदैछ । आजको अवस्था र २० वर्षअघिको अवस्था हेर्दा थाहा हुन्छ, परिवर्तन नभएको होइन, भएको छ । हामीले आफूलाई पर्दा जे गर्न पनि तयार छौँ तर कानुन मान्न कोही तयार छैनौँ । कानुन पनि गरिबको लागि र कमजोरका लागि जस्तो भएको छ । सबैले कानुन मान्ने समाज बनाउन आवश्यक छ ।
जनताले परिकल्पना गरेको प्रतिनिधि चयन हुनु भनेको संसदीय व्यवस्थाको सुन्दर पक्ष हो । यो लोकतान्त्रिक अभ्यास पनि हो । हरेक प्रतिनिधि सक्षम हुनुपर्छ, दूरदर्शी हुनुपर्छ । नेतृत्व पनि यही समाजबाट आउने त हो । समाज राम्रो भयो भने नेतृत्व पनि राम्रो आउँछ । हामी भ्रष्टाचारले देश बर्बाद बनायो भनेर दिनरात चिन्ता, चासो र निराशाका कुरा गर्छौं ।
भ्रष्टाचार आर्थिक पाटो मात्रै होइन भ्रष्ट आचरणको कुरा पनि त हो । वास्तवमा पढेर मात्रै हुँदैन । भ्रष्टाचारी छ भने त्यसको छोरी विवाह नगर्ने, भ्रष्टाचारीलाई छोरी नदिने भयो भने मात्र समाजमा यसको सकारात्मक प्रभाव पर्छ । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार गर्ने हदसम्म हामी जानुपर्छ । पछिल्ला वर्षमा भ्रष्टाचार विकराल बन्दै गएको छ । लोकतन्त्र भनेको समाजका सबै अनुशासित हुने कुरा पनि हो । अहिले त कस्तो भएको छ भने लोकतन्त्र भनेको अराजकता हो, जसले जे बोले पनि हुन्छ । पहिले त बरु मर्यादाको कुरा थियो तर अहिले मसँग असहमत भएपछि तपाइँले जे पनि बोल्न मिल्छ त ? असहमत हुन पाइन्छ तर जे पनि बोल्न पाइँदैन । अहिले दण्ड र पुरस्कारको प्रणालीलाई अघि बढाउन सकेका छैनौँ । गल्ती गर्नेलाई दण्ड गर्ने र राम्रो गर्नेलाई पुरस्कृत गर्ने हुनुपर्छ । यो गर्न नसकेका कारण २०४६ सालपछि अराजकता र उच्छृखंलता बढ्दै गएको छ ।
अर्कातर्फ, संसद् जसरी चल्नुपथ्र्यो त्यसरी चल्न सकेको छैन । संसद् चलाउन पनि सकिरहेका छैनौँ ।
संसदीय समिति पनि त्यति क्रियाशील हुन सकिरहेका छैनन् । संसदीय समितिले गरेका निर्णय र संसद्मा उठेका विषयलाई सरकारले सम्बोधन गर्नुपर्ने हो । संसद् बोल्नका लागि बोल्ने मात्रै भएको छ । संसदीय समितिमा छलफल हुन्छ, बहस हुन्छ र निर्णय हुन्छ तर त्यो राम्रोसँग कार्यान्वयन हुँदैन ।
बाँकेको निर्वाचन क्षेत्र नं ३ नेपालगञ्ज बजारबाट नजिकै भए पनि विभिन्न कारणले पछि परेको छ । हिजोका दिनमा सक्षम नेतृत्व नभएका कारण यो अवस्था आएको हो । यस क्षेत्रमा २०२४ सालदेखिको सुकुम्बासी समस्या अहिलेसम्म समाधान हुन सकेको छैन । मुक्तकमैया र सुकुम्बासीको समस्या पाँच वर्षभित्रमा समाधान गर्छु भनेर मैले पहिलो प्राथमिकता दिएको छु ।
यस क्षेत्रमा खानेपानीको समस्या धेरै पेचिलो छ । बैजनाथ गाउँपालिका र खजुरा गाउँपालिकामा खानेपानीको समस्या छ । खानेपानीका लागि सुरु भएका आयोजना सम्पन्न गर्ने मैले अठोट लिएको छु । तेस्रो प्राथमिकता सिँचाइ हो । सिक्टा सिँचाइ आयोजना २० वर्षअघि सुरु भए पनि ३ नं क्षेत्रमा विस्तार हुन सकेको छैन । सिक्टा सिँचाइ आयेजनालाई विस्तार गर्ने योजना छ । तर जहाँजहाँ सिक्टा सिँचाइ आयोजनाले समेट्दैन त्यहाँ बोरिङ, स्यालो ट्युबेल जडान गर्ने कार्यक्रम छ । बैजनाथ गाउँपालिकामा सिक्टा सिँचाइ आयोजनाले समेट्ने अवस्था छैन । त्यहाँ भेरी डाइभर्सन योजनामार्फत काम अघि बढ्दैछ । भेरी डाइभर्सनको पानी बबई नदी हुँदै मानखोलामा खसाउन जरुरी छ । बबईको पानीलाई मानखोलमा खसाएर त्यहाँबाट बिजुली पनि निकाल्न सकिन्छ र त्यो क्षेत्रमा सिँचाइ पनि हुन्छ । मानखोलाको तटबन्धको गुरुयोजना बनाएर काम गर्ने योजना छ । यो आयोजना अघि बढाउन म निरन्तर लागिरहेको छु । अन्य भौतिक पूर्वाधारका विषय पनि छन् ।
युवा पलायन तीव्ररुपमा भइरहेको छ । आप्रवासन संसारभरि भइरहेको छ । हाम्रो देशभित्र पनि हामी एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तर भइरहेका हुन्छौँ । हामी पहाडमा बस्ने तराईमा आएका छौँ, हिमालमा बस्ने पहाडमा झरेका छौँ । यसलाई स्वभाविक रुपमा लिनुपर्छ । म सल्यानमा जन्मेको, हामी त्यहाँबाट नेपालगञ्जमा आयौँ । नेपालगञ्जबाट फेरि काठमाडौँ गइसक्यौँ ।
बहुदलीय व्यवस्था आएपछि शिक्षा प्रणाली नै त्यस्तो भयो की नेपालमा केही छैन, विदेशमा मात्र भविष्य छ भन्नेजस्तो भाष्य निर्माण गरिएको छ । मान्छेले एक किसिमको सपना बुनेर विदेश जान चाहन्छ । एउटा समस्याको विषय यो छ की राज्यले छात्रवृत्ति दिएर पढाएका मान्छे पनि यो देशमा बसिरहेका छैनन् । हामी कहीँ जान नपाएर यो देशमा बसेको त होइन नी । देशको सेवा गर्ने भनेर सबै कुरा त्याग गरेर हामी यहाँ बसेका छौँ ।
चालीस वर्षको राजनीतिक जीवनमा म पनि सफल त हुन सकिरहको छैन तर पनि म बसिरहेको छु । नेपाल अहिल्यै युरोप, अमेरिका हुन सक्दैन होला । राष्ट्रिय भावना र राष्ट्रप्रतिको माया पनि कमी भएको देखिनु विडम्बना हो । हामीले द्वन्द्व भएका बेला रोजागारीका लागि खाडीमुलुकमा मान्छे पठायौँ ।
उनीहरुले कमाएको पैसा राज्यले कसरी सदुपयोग गर्ने भन्ने कुरा चुनौतीको विषय हो जस्तो लाग्छ । हामी पहिले कृषिमा आधारित थियौँ, त्यतिबेला खेती गर्नेबाहेक अन्य अवसर थिएर तर अहिले खेती गर्दाभन्दा बढी श्रमको काम गर्दा पैसा बढी आउँछ । खेतीभन्दा खाडीमुलुक गएर काम गर्दा पैसा बढी आउँछ । खेतीमा दुःख बढी भयो तर त्यसअनुरुपको प्रतिफल प्राप्त गर्न किसानलाई मुस्किल भइरहेको छ । त्यसैले राज्यले खेती प्रणालीलाई कसरी आधुनिकीकरण गर्ने भन्ने विषयमा ध्यान पु¥याउन आवश्यक छ ।

# ‘सरकारी सञ्चारमाध्यम जनउत्तरदायी हुनुपर्छ’



**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारी सञ्चारमाध्यमलाई व्यावसायिक र जनताप्रति उत्तरदायी बनाउने उद्देश्यले सरकारले सार्वजनिक सेवा प्रसारण विधेयक ल्याएको बताएकी छन् । प्रतिनिधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सोमबार भएको ‘सार्वजनिक सेवा प्रसारण विधेयक’ सम्बन्धी बैठकमा मन्त्री शर्माले सरकारी सञ्चारमाध्यमले स्वतन्त्र ढङ्गले जनता र सरकारबीचको पुलको काम गर्नुपर्ने धारणासहित प्रस्तावित विधेयक ल्याइएको बताइन् ।
सञ्चारमन्त्री शर्माले भनिन्, ‘विगतमा सरकारी सञ्चारमाध्यम भनेपछि सरकारमुखी हुने, जनतामुखी नभएको हो कि भन्ने बुझाइ थियो, हामीले पटकपटक भनेका छौँ सरकारी सञ्चारमाध्यम जनताप्रति उत्तरदायी हुनुपर्छ । सरकार र जनताकाबीच यी माध्यमले पुलका रुपमा काम गर्नुपर्छ भन्ने अवधारणा विधेयकमा समावेश गरिएको छ ।’ उनले विधेयकमाथिको संशोधनका क्रममा समसामयिक, प्रविधिमैत्री एवं थप समृद्ध बनाउन समितिबाट सुझाव आउने अपेक्षा गरिएको बताइन् । ‘विशेषगरी रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभ्ने भन्ने हो, यो केवल गाभ्ने मात्रै हैन, त्यसलाई अझै उन्नतस्तरको ‘मिडिया’ बनाएर सरकारी मिडियाप्रतिको बुझाइ चिरेर जनउत्तरदायी बनाउने उद्देश्यले विधेयक ल्याइएको छ’ उनले भनिन् ।
मन्त्री शर्माले सङ्घीय संसद्को हिउँदे अधिवेशन माघ २२ गते आह्वान भएकाले यही अधिवेशनमा उक्त विधेयक पेस गर्ने सरकारको तयारी रहेको जानकारी दिइन् ।
सार्वजनिक सेवा प्रसारणसम्बन्धी सेवालाई संशोधन र एकीकरण गर्न बनेको सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक राष्ट्रियसभामा उत्पत्ति भएको थियो । राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा रेडियो नेपाल र नेपाल टेलिभिजनलाई राष्ट्रिय सार्वजनिक सेवा प्रसारणको रुपमा रुपान्तरण गरी लोकतान्त्रिक मूल्यमान्यता र स्वतन्त्र पत्रकारिताको मर्मलाई आत्मसात् गर्दै स्वच्छ, निष्पक्ष र जनताप्रति उत्तरदायीरुपमा सञ्चालन गरिने व्यवस्था छ । वर्तमान व्यवस्थामा रेडियो नेपाल र नेपाल टेलिभिजन छुट्टाछुट्टैरुपमा सञ्चालन भइरहेका सन्दर्भमा यी दुवै संस्थालाई सार्वजनिक सेवा प्रसारण संस्थामा रुपान्तरण गर्दा एउटा सुदृढ, सबल र सशक्त सार्वजनिक सेवा प्रसारणको स्थापना भई सार्वजनिक प्रसारणका माध्यमबाट नागरिकलाई सुसूचित गराउन सकिने र यसका लागि कानुन निर्माण गर्न आवश्यक भएकाले विधेयक पेस गरिएको जनाइएको छ ।
उक्त विधेयक राष्ट्रियसभाबाट पारित भई प्रतिनिधिसभामा पेस भएर दफाबार छलफलका लागि शिक्षा समितिमा आएको हो । विधेयकमा नौ सांसदको ७६ स्थानमा संशोधन परेको सञ्चारमन्त्री शर्माले जानकारी दिइन् । विधेयकमाथि संशोधन राख्ने सांसदहरुले सरकारी सञ्चारमाध्यमलाई स्वतन्त्र, व्यावसायिक र जनउत्तरदायी बनाइनुपर्ने धारणा व्यक्त गरे । सांसद प्रदीप पौडेलले सार्वजनिक सञ्चारमाध्यमलाई समयसापेक्ष प्रतिस्पर्धी र जनउत्तरदायी बनाउन तथा नयाँ मिडियालाई पनि सम्बोधन गर्नेगरी विधेयक ल्याइनुपर्ने धारणा व्यक्त गरे । सांसद महेशकुमार बर्तौलाले सरकारी सञ्चारमाध्यमलाई एउटै कानुनको छातामुनि राख्नेगरी कानुन बनाइनुपर्ने धारणा राखे । सांसद रघुजी पन्तले नयाँ मिडियाको प्रभावकारितालाई ध्यान दिएर समयसापेक्ष कानुन बनाइनुपर्ने खाँचो औंल्याए । सांसद चन्द्र भण्डारीले सरकारी सञ्चारमाध्यमको नेतृत्व कस्तो बनाउनेभन्नेबारे कानुनमै व्यवस्था हुनुपर्ने बताए । सांसद माधव सापकोटाले विधेयकले सङ्घीय अनुकूलको संरचनालाई सम्बोधन गर्नुपर्ने बताए । सांसद देवेन्द्र पौडेलले समितिमा आएका सबै विधेयकलाई तालिका बनाएर पारित गरिनुपर्ने सुझाव दिए । सांसद सुनिता बरालले सरकारी सञ्चारमाध्यमलाई अझ व्यावसायिक बनाउनेगरी कानुन बनाउनुपर्ने बताइन् । सांसदहरु सुमना श्रेष्ठ, तोसिमा कार्की, प्रेम सुवाल, नारायणी शर्मा, दीपा शर्मालगायत विधायकले सार्वजनिक सञ्चारमाध्यमलाई जनउत्तरदायी बनाइनुपर्नेमा जोड दिए । समितिका सभापति भानुभक्त जोशीले समितिमा आएका विधेयकलाई चाँडो पारित गर्न सबैको सक्रियता चाहिने बताए ।
विधेयकमाथिको संशोधनकर्ताको धारणापछि मङ्गलबारको बैठकबाट दफाबार छलफल अगाडि बढाइने बताए । समितिका सदस्यको धारणा सुनेपछि सञ्चारमन्त्री शर्माले प्रविधिमा आएको परिवर्तनलाई विधेयकले सम्बोधन गर्नुपर्ने बताइन् । उनले मन्त्रालयसँग सम्बन्धित विधेयकलाई थप समृद्ध बनाउन मन्त्रालयले विज्ञ सरोकारवालासँग भिन्नभिन्न समिति बनाएर सुझाव लिएको जानकारी दिइन् ।

# उपसमितिको प्रतिवेदनमा सांसद कार्कीको असहमति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद डा. तोसिमा कार्कीले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि संसदीय समितिले गठन गरेको उपसमितिको प्रतिवेदनमा असहमति जनाएकी छन् ।
सिटीइभिटी र चिकित्सा शिक्षा आयोगबीच पीसीएल नर्सिङ सम्बन्धन, नियमन, मापदण्ड लगायतका विवाद अध्ययन गरी सुझाव दिनका लागि बनाइएको उपसमितिको प्रतिवेदनमा उनले पाँच बुँदे



असहमति जनाएकी हुन् । उनले आफ्नो असहमतिका पाँच बुँदा समिति सभापतिलाई बुझाएकी छन् ।
सत्तारुढ दल नेकपा माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलको नेतृत्वमा गठित उपसमितिले चिकित्सा शिक्षा ऐन मर्म विपरीत र नर्सिङका गुणस्तरको मापदण्डमा खलल पुग्ने गरी सुझावहरु दिएकाले आफूले असहमति राखेको सांसद कार्कीको भनाइ छ । गुणस्तर र प्रयोगात्मक शिक्षाका लागि एक सय शैया र ६० प्रतिशत शैया अकुपाई भएको आफ्नो अस्पताल हुनुपर्ने राय राखिए पनि उपसमितिले त्यस विपरीत निर्णय गरेकाले आफूले असहमति जनाएको उनको भनाइ छ । विज्ञ र सरोकारवालाको राय विपरीत एवम् चिकित्सा शिक्षा ऐनको मर्म विपरीत निर्णय लेखिएकाले आफ्नो असहमति रहेको सांसद कार्कीको भनाइ छ ।

# नेप्से परिसूचक बढ्यो

**मधेशदृष्टि**
**काठमाडौँ ।**
गत साता निरन्तर ओरालो देखिएको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक यो साता कारोबारको सुरुवाती दुई दिन लगातार बढेको छ ।

आइतबार दोहोरो अङ्कले बढेको परिसूचक सोमबार १० दशमलव २६ अङ्कले उकालो लागेको हो । सोमबार नेप्से परिसूचक शून्य दशमलव ४८ प्रतिशतले बढेर दुई हजार एक सय चार दशमलव ७२ को विन्दुमा कायम भएको हो । तीन सय ११ कम्पनीको एक करोड २३ लाख २२ हजार सात सय पाँच कित्ता शेयर एक लाख तीन हजार एक सय ५३ पटक खरिदबिक्री हुँदा चार अर्ब ५६ करोड ६५ लाख २२ हजार दुई सय ३० रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बैंकिङ समूह शून्य दशमलव ०६, लघुवित्त समूह शून्य दशमलव ०५ र निर्जीवन बीमा समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै अन्य समूह एक दशमलव ६४ र जलविद्युत् समूह एक दशमलव ०८ प्रतिशतले बढेका छन् । युनियन हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ भने गरिमा डिभेन्चर–२०८५ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सोमबार हिमालयन रिइन्स्योरेन्स लिमिटेडको सबैभन्दा धेरै ६० करोड १६ लाख ७१ हजार आठ सय नौ रुपैयाँ बराबरको नौ लाख पाँच सय ११ कित्ता शेयर किनबेच भएको छ ।

# पाकिस्तानमा नातावाद मौलाउँदा सीमित महिलालाई लाभ

**एएनआई**
**इस्लामाबाद ।**
पाकिस्तानको चुनावमा अदृश्य महिलाको सहभागिता एक सान्दर्भिक मुद्दा भएको छ । आरक्षण सीट मापदण्ड केवल औपचारिकतामा मात्र सिमित भई परिवारवादको आधारमा छुट्याइएको सोमबार द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ । ट्रिब्यूनका अनुसार प्रमुख राजनीतिक नेताहरूको परिवारिक सदस्य र छोराछोरीलाई बढावा दिने परम्पराले आम पाकिस्तानी महिलाको चुनावमा सहभागिता असम्भव बनाएको छ । उदाहरणका लागि भर्खरै पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) को आरक्षित सीटहरूको वितरण सूचीमा राखिएका थट्टाका हीर सोहोले सन् २००८ को आम चुनावदेखि आरक्षित सीट प्राप्त गर्दै आएका छन् ।

एक्सप्रेस ट्रिब्यूनले थट्टाका पत्रकार मुहम्मद फयाजलाई उद्धृत गर्दै भनेको छ, 'हीर आफ्ना बुबा इस्माइल सोहोका कारण लगातार चौथो आम चुनावमा आरक्षणमा पर्न सफल भएको उल्लेख गरेको छ ।' मुहम्मदले इस्माइल पाकिस्तान पिपुल्स पार्टीको शीर्ष नेतृत्वको साथी भएकाले उनकी छोरीले बारम्बार आरक्षण टिकट पाइरहेको बताए । यस्तै सिन्धमा पाकिस्तान पिपुल्स पार्टीका अध्यक्ष निसार अहमद खुह्रोकी छोरी निदा खुह्रोले दोस्रो चुनावका लागि आरक्षित सिट प्राप्त गरेकी छन् । यस्तै पूर्व मुख्यमन्त्री सैयद कैम अली शाहकी छोरी नफीसा शाहले पनि पिपिपीको आरक्षित सिटको सूचीमा स्थान सुरक्षित छ ।

त्यस्तै, सन् २०१३ र २०१८ को आम चुनावमा आरक्षित सिट प्राप्त राष्ट्रिय सभाका पूर्व सदस्य परवेज मलिककी पत्नी साइस्ता परवेज मलिकलाई यसपटक पनि टिकट दिइएको द एक्सप्रेस ट्रिब्यूनले जनाएको छ । यसैगरी प्रमुख मौलाना फजलुर रहमानकी बहिनी शाहिदा अख्तरलाई पटक–पटक आरक्षित सिटको लागि स्वीकृति दिएको छ । अर्की बहिनी रेहाना इस्माइललाई पनि आरक्षित सिट दिएको छ । सम्बन्ध तथा मित्रताको आधारमा आरक्षित सिटहरूको वितरण गर्दा, महिला आधारभूत राजनीतिक कार्यकर्ताहरू पछाडि पर्छन् । जुन कार्यकर्तामध्येका आ–आफ्नो पार्टीहरूका लागि उनीहरूले गरेको बलिदानको अपमान हो ।

आरक्षित सिटका लागि सम्पन्न महिलाहरूलाई प्राथमिकता दिने अभ्यासले वंशवादी राजनीतिक दलहरू र विद्यमान शासक वर्गले बाँकी जनतामा राखेको गढको व्यापकतालाई बलियो बनाउँछ । यस सन्दर्भमा, पेशावर विश्वविद्यालयको अर्थशास्त्र विभागका प्राध्यापक सनम वागमा खट्टकले प्रान्तीय वा राष्ट्रिय सभाहरूमा प्रतिनिधित्व केवल प्रतीकात्मक नभई वास्तविक जनसङ्ख्याको प्रतिनिधि हुनुपर्ने धारणा राखेका छन् ।

सनमसँग सहमत हुँदै पञ्जाब विश्वविद्यालयको राजनीति विज्ञान विभागका अध्यक्ष इराम खालिदले आरक्षित सिटमा बास्तविक मनोनयन गर्नुपर्ने महिलालाई प्रायः बेवास्ता गरिने बताए । यसरी आरक्षण सिटका लागि पनि केवल पारिवारिक सम्बन्ध र प्रियजनलाई प्राथमिकता दिइने अभ्यासले सभ्रान्त वर्गले मात्र प्रतिनिधित्व पाउने विज्ञहरू बताउछन् ।

# पिएम कपः नेपाल पुलिस क्लब फाइनलमा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
गण्डकी प्रदेशलाई पराजित गर्दै विभागीय टोली नेपाल पुलिस क्लब प्रधानमन्त्री कप पुरुष राष्ट्रिय एक दिवसीय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । मूलपानी क्रिकेट मैदानमा सोमबार भएको खेलमा पुलिसले गण्डकी प्रदेशलाई ६ विकेटले हराउँदै प्रतियोगिताको फाइनलमा पुग्ने पहिलो टोली बन्न सफल भएको हो । यससँगै पुलिसले सातौँ खेलमा सातौँ जित निकाल्दै दुई खेल अगाडि नै फाइनलमा स्थान पक्का गरेको छ । पुलिस १४ अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा छ । पराजित गण्डकी भने आठ खेलमा चार अङ्क जोड्दै अङ्क तालिकाको आठौँ स्थानमा छ । गण्डकी प्रदेशले प्रस्तुत गरेको एक सय ७१ रनको लक्ष्य पुलिसले २४ दशमलव २ ओभरमा चार विकेट गुमाउँदै पूरा गर्यो । पुलिसको जितमा दिलिप नाथले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ३९ बलमा ६ चौका र चार छक्काको मद्दतले ५७ रन बनाएका हुन् । अर्जुन साउदले अविजित ४४ रन बनाउँदा आरिफ शेखले अविजित २७, कुशल भुर्तेलले २२ र शङ्कर रानाले १२ रन बनाए ।

गण्डकीका लागि सन्दीप पराजुलीले दुई विकेट लिए भने कमल परियार र कप्तान विपिन खत्रीले समान एक/एक विकेट लिए । यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको गण्डकीले ३८ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ७० रनको योगफल बनाएको थियो । गण्डकीका लागि अमृत गुरुङले सर्वाधिक ५० रनको योगदान दिएका थिए । उनले ३९ बलमा आठ चौका र दुई छक्काको मद्दतले ५० रन जोडेका हुन् । यसैगरी किरण पंगेनी र कमल परियारले समान ३०÷३० रन बनाए भने समिर कँडेलले २९ र कृष ऐरले १० रन बनाए । बलिङतर्फ पुलिसका राशिद खानले पाँच विकेट लिए भने करण केसी र ललितनारायण राजवंशीले समान दुईरदुई विकेट झारे । कप्तान दीपेन्द्रसिंह ऐरीले एक विकेट लिएका थिए ।

# लगानी सम्मेलनअघि कानुन संशोधन गर्न सुझाव



**रासस**
**काठमाडौँ ।**
आगामी वैशाख १६ र १७ गते यहाँ आयोजना हुने तेस्रो लगानी सम्मेलनका लागि कानुनी सुधारको सिफारिस गर्न गठिन कार्यदलले विभिन्न एक दर्जन ऐन तथा नियमावली संशोधन गर्न सिफारिस गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आर्थिक तथा पूर्वाधार क्षेत्रको जिम्मेवारी पाउनुभएका सचिव एकनारायण अर्यालको संयोजकत्वमा गठित सुझाव कार्यदलले यस्तो सुझाव दिएको हो । मुलुकमा स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्न एक दर्जन कानुन र नियमावलीमा संशोधन प्रस्तावसहित कार्यदलले आज मुख्यसचिव डा बैकुण्ठ अर्याललाई सुझाव पेश गरेको छ ।

औद्योगिक व्यवसाय ऐन २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लगायत ऐनका व्यवस्था संशोधनको सुझाव दिइएको छ । भूमिसम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३, नागरिक उड्ययन ऐन २०५३ का व्यवस्थामा पनि संशोधन गर्न सुझाव दिइएको छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ र वन नियमावली, २०७९ मा पनि संशोधनको आवश्यकता औँल्याइएको छ । स्वदेशी तथा विदेशी लगानीकर्तालाई सहजीकरणका लागि संशोधन गर्नुपर्ने कानूनलाई मन्त्रिपरिषद्बाट निर्णयपछि केही नेपाल ऐनलाई संधोधन गर्न बनेको विधेयकमार्फत संसद्मा लगिने तयारी भइरहेको छ । सुझाव कार्यदलमा निजी क्षेत्रका छाता संस्थाको पनि प्रतिनिधित्व थियो ।

'स्वदेशी एवं विदेशी लगानी बढ्न नसक्नुमा नीतिगत समस्या मुख्य कारण हो', समितिका सदस्य एवं नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले भने, 'नीतिगत सुधारका लागि पेस भएको संसोधन प्रस्ताव पारित भै कार्यान्वयन भएमा स्वदेशी एवं विदेशी निजी क्षेत्र आकर्षित हुने अपेक्षा गर्न सकिन्छ ।'

नेपालमा विदेशी लगानी अपेक्षित आउन सकिरहेको अवस्था छैन भन्दै यसका कारणहरु के के हुन् भनेर पत्ता लगाई निजी क्षेत्रले ती समस्याको समाधानका लागि आवश्यक कानुनको संशोधन गर्न विगतदेखि नै सुझाव दिएको र प्रस्तावित कानुनको संशोधनबाट वैदेशिक लगानीको वातावरण बन्ने अपेक्षा गरिएको अध्यक्ष ढकालले बताए ।

लगानी सम्मेलनलाई लक्षित गरी कानुनी सुधारको सुझाव पेस गर्न निजी क्षेत्रको सहभागितामा सरकारले यो कार्यदल बनाएको थियो । लगानी प्रोत्साहित गर्न अहिले यो कार्यदललाई निरन्तरता दिनुपर्ने सुझाव पनि निजी क्षेत्रले दिएको छ । कार्यदलमा विभिन्न विषयगत मन्त्रालय र लगानी बोर्डका सह सचिव एवं अधिकारीहरु सदस्य छन् ।

नेपालमा लगानीका लागि के–कस्ता कानुनी बाधा अड्चन छन् भनेर पहिचान गर्ने र त्यसलाई फुकाउन ऐन तथा नियमावलीमा संशोधनको सुझाव दिइएको लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायले जानकारी दिए । 'कानुनी सुधारका लागि तीनमहले सुझाव तयार पारेर प्रतिवेदन बुझाइएको छ । विद्यमान ऐन, कानुनमा के कस्ता प्रावधान छन् र त्यसमा कस्तो संशोधन आवश्यक छ भनेर विस्तृत खुलाइएको छ' उनले भने 'लगानी सम्मेलनका लागि गठित कार्यान्वयन समितिलाई प्रतिवेदन बुझाइएको हो । कार्यान्वयन समितले थप स्पष्टतासहित निर्देशक समितिमा छलफलका लागि लैजानेछ ।' सरकारले लगानी सम्मेलन आयोजना गर्न अर्थमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, मुख्य सचिवको नेतृत्वमा कार्यान्वयन समिति, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको संयोजकत्वमा प्राविधिक समिति र बोर्डका प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सचिवालय गठन गरी काम अगाडि बढाएको छ ।

# 'स्टार्टअप कर्जा कार्यविधि' स्वीकृत




**रासस**
**काठमाडौँ ।**
नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई सहूलियतपूर्ण कर्जा उपलब्ध गराउने लक्ष्यसहित 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०' जारी भएको छ । स्टार्टअप उद्यमलाई प्रवाह गरिने कर्जा प्रक्रियालाई सरल, स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले यही माघ ११ गते उक्त कार्यविधि स्वीकृत गरेको हो ।

कम्पनी दर्ता भएको सात वर्ष भन्दा बढी समय नभएका स्टार्टअप उद्यम कर्जा पाउनका लागि योग्य हुने कार्यविधिमा उल्लेख छ । कुल चुक्ता पुँजी दुई लाख रुपैयाँदेखि १० लाख रुपैयाँसम्म भएको, उद्यमको कुल कारोबार वार्षिक दुई करोड रुपैयाँभन्दा बढी नरहेको र स्थिर पुँजी (घरजग्गाको बाहेक) दुई करोड रुपैयाँ भन्दा बढी नभएको हुनुपर्नेछ । कानुनबमोजिम दर्ता नभएको, विदेशबाट वस्तु तथा सेवा आयात गरी बिक्री वितरण गर्ने, कालोसूचीमा परेको र होल्डिङ तथा लगानी कम्पनीको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएको कम्पनीलाई स्टार्टअप उद्यमी कर्जा उपलब्ध गराउन नसकिने कार्यविधिमा जनाइएको छ । स्टार्टअप उद्यम कार्यक्रमको कार्यान्वयन औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले गर्नेछ । कर्जा लिनका लागि प्रस्ताव आह्वान गर्ने, पेश भएका प्रस्ताव मूल्याङ्कन गर्ने तथा सिफारिस गर्ने काम प्रतिष्ठानले गर्नेछ ।

कार्यविधिअनुसार सरकारी स्वामित्वको वाणिज्य बैंकलाई मात्रै कर्जा प्रवाह गर्ने बैंकको रुपमा तोक्नुपर्नेछ । बैंकले कर्जा प्रवाह गर्ने तरिका, कर्जाको सीमा, किस्ता बुझाउनुपर्ने अवधि, साँवा फिर्ता र ब्याज भुक्तानीको अवधि तथा प्रक्रिया तोकेर प्रतिष्ठानसँग सम्झौता गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

'कर्जाको अवधि अधिकतम पाँच वर्षमा नबढाइ ढिलोमा कर्जा लिएको दोस्रो वर्षबाट साँवा र ब्याजबापतको रकम फिर्ता गर्न सुरु गर्नुपर्नेछ । बैंकले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजनालाई धितोको रुपमा राख्नुपर्नेछ । त्यस्तो व्यवसाय वा परियोजनाको बीमा भने उद्यमी आफैँले गर्नुपर्नेछ', कार्यविधिमा उल्लेख गरिएको छ ।

कार्यविधिअनुसार स्टार्टअप उद्यमका लागि विभिन्न १६ वटा क्षेत्र तोकिएका छन् । जसमा कृषि तथा पशुपक्षी, वन पैदावार, पर्यटन प्रवर्द्धन मनोरञ्जन र अतिथि सत्कार, विज्ञान, सूचना प्रविधि तथा सञ्चार, मानव स्वास्थ्य सेवा, शिक्षा तथा शिक्षण सिकाइलगायत क्षेत्र छन् । सहज र सुरक्षित यातायात एवं पारवहन, अटोमोवाइल्स, परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रिया सुधार, खानी तथा खनिज अनुसन्धान, घरायसी वा दैनिक जीवनयापनसँग जोडिएका क्षेत्रमा पनि स्टार्टअप कर्जा उपलब्ध गराइनेछ । खाद्य उत्पादन तथा प्रशोधन, फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षण, विपद् व्यवस्थापन, वैकल्पिक तथा नवीकरणीय ऊर्जा र जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित क्षेत्रमा उद्यमशीलता कर्जा पाइनेछ ।

**चालु आर्थिक वर्षको बजेटको व्यवस्था**

सरकारले चालु आर्थिक वर्ष २०८०÷८१ को बजेट वक्तव्यको बुँदा नम्बर ६८ मा सरकारको कुल पुँजीगत बजेटको न्युनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने उल्लेख छ ।

यसका लागि छुट्टै कोष स्थापना गर्न रू एक अर्ब बराबर बजेट विनियोजन भएको छ । प्रदेश र स्थानीय तहलाई यस कोषमा रकम जम्मा गर्न प्रोत्साहन गरिने उल्लेख छ । त्यस्तै, मुलुकमा नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न 'स्टार्टअप इकोसिस्टम' विकास गरिने बजेटमा उल्लेख छ । 'उद्यमशील सोच र संस्कृतिको विकास एवं उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न काठमाडौँमा इन्क्युवेसन सेन्टर सञ्चालन गरिनेछ । भेन्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहन गरिनेछ', बजेटमा भनिएको छ । विदेशी लगानी कम्पनीहरुमार्फत प्रवाह हुने वैदेशिक लगानीलाई प्रोत्साहन गरी नवप्रवर्तन र उद्यमशीलता विकासमा परिचालन गरिने बजेटमा उल्लेख छ । स्टार्टअपलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षको बजेटमार्फत एक अर्ब २५ करोड रुपैयाँ बराबर विनियोजन भएको थियो ।



# फोहरबाट ऊर्जा र जैविक मल उत्पादन

**रासस**
**कर्णाली ।**
वीरेन्द्रनगर नगरपालिकाबाट निस्कने कुहिने फोहरको उचित व्यवस्थापन गरी स्वच्छ ऊर्जा र गुणस्तरीय जैविक मल उत्पादन गर्ने उद्देश्यले वायोग्यास स्थापना गरिएको छ । वातावरणीय सरसफाइ र स्वच्छतासँग सम्बन्धित कर्णालीको पहिलो र एक मात्र उद्योगको रुपमा केपी व्यावसायिक प्रालिले प्लान्ट स्थापना गरेको हो । वीरेन्द्रनगर नगरपालिका ११ सुर्खेत पिपिरा निवासी कृष्णप्रसाद ढकालले स्थापना गर्नुभएको जर्मन प्रविधिमा आधारित यस प्लान्टमा वीरेन्द्रनगर नगरपालिकाबाट निस्कने कुहिने फोहरको उचित व्यवस्थापन गरी स्वच्छ ऊर्जा र गुणस्तरीय जैविक मल उत्पादन हुने गर्दछ । तीन हजार घनमिटरको यस प्लान्ट निर्माण गर्न सङ्घीय सरकारको पाँच करोड रुपैयाँ, कर्णाली प्रदेश सरकारको एक करोड ७२ लाखसहित बाँकी सात करोड रुपैयाँभन्दा बढी आफ्नै लगानी गरेर कुल १४ करोड रुपैयाँ खर्च भएको थियो । यस प्लान्टलाई पूर्णरुपले सञ्चालन गर्न दैनिक ३० टन फोहर चाहिन्छ । अहिले उद्योगबाट नौ टन जैविक मल, १५ हजार लिटर झोल मल र सात सय २० केजी कम्प्रेस्ड प्राकृतिक ग्याँस (सिएनजी) उत्पादन भइरहेको जनाइएको छ । प्लान्टका सञ्चालक ढकालले भने, 'यसबाट स्वच्छ ऊर्जा र गुणस्तरीय जैविक मल उत्पादन हुने मात्र नभई वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, रोजगारी सृजनालगायत दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ ।' उनका अनुसार जैविक ठोस र झोल मल उत्पादन भएपनि त्यसको उचित तवरबाट बजारीकरण हुन नसक्दा ठूलो परिणाममा थुप्रिएको छ । जैविक मल (ठोस धुलो)को प्रतिकेजी ३०



रुपैयाँमा बिक्रीवितरण हुने गरेको छ । झोल मलको झन् यहाँ मूल्य नै छैन । भारतमा त्यही झोल मल दुई सय २० रुपैयाँ छ भने पोखरमा एक सय १० रुपैयाँ छ तर हाम्रोमा बजारमै जान सकेको छैन । कर्णालीको सन्दर्भमा १० देखि १२ रुपैयाँ मा झोल मल दिनुपर्दछ भन्नेमा छौं । बजारबाट एक केजी मल ल्याउन छ रुपैयाँ पर्छ । एक सय केजी काँचो मल ल्याउँदा १८–२० केजी जैविक मल हुन्छ । उद्योगी ढकालले भने, 'एक दिनमा पाँच सय रुपैयाँको ग्यासले करिब ४५ किलोमिटरसम्म अटो गुड्न सक्छ । अटोमा पेट्रोल एक हजार लाग्दा वायोग्यासमा पाँच सय मात्र खर्च हुन्छ ।' एउटा सिलिण्डर र किट राखेर अब करिब ७० अटो सञ्चालन गर्ने तयारी भइरहेको उनले बताए । ढकालले लामो समयदेखि एलपिजी ग्यास प्रयोग गरेका छैनन् । उनले आफूसहित अहिलेसम्म चार हजारभन्दा बढीको घरमा वायोग्यास बनाएको बताए । यस प्रालिमा अहिले १९ जनाले रोजगारी पाएका छन् । थाइल्याण्ड, कम्बोडिया, जर्मनी, भारतलगायतका देशहरुबाट वायोग्यास उत्पादन र त्यसको दिगोपनबारे अध्ययन गरेका उनले आफूले खोलेको उद्योगको उत्पादनले कर्णाली प्रदेश सरकारले लिएको प्राङ्गारिक कर्णाली प्रदेश निर्माणको अभियानलाई सहयोग पुऱ्याउँदै आएको दाबी गरे । उद्योगबाट उत्पादित मल तथा ग्यासले जैविक विविधता कायम राख्न र पारिस्थितिकीय प्रणाली संरक्षण गर्नेछ । भारतले सन् २०३० सम्ममा डिजेल र पेट्रोलबाट सञ्चालन हुने सवारी साधन विस्थापित गरी सवारी साधन प्राकृतिक ग्यास र विद्युतबाट चलाउने लक्ष्य बनाएको कुरालाई अध्ययन गरी आफूले नेपालमा यो व्यवसाय सुरु गरेको उनले बताए । उत्पादित ग्यास खाना पकाउने मात्र नभई सवारी साधन सञ्चालनको लागि पनि प्रयोग गर्न सकिने भएकाले पेट्रोलियम पदार्थको खपतसमेत घट्नेछ । एउटा अटोले एक दिनमा एक हजार रुपैयाको पेट्रोल खपत गर्छ भने एक वर्षमा तीन चार लाख पैसा फाल्दो रहेछ । तीन चार लाख बराबर सय अटो चलाउँदा हाम्रो पाँच करोड रुपैयाँ बच्दो रहेछ । एक दशकयता कर्णालीबाट पनि युवा जनशक्ति विदेसिन क्रम बढ्दो छ । हिजो कालापहाड जाने युवाहरु आज समुद्रपारीका देशहरुमा नवदास भएर श्रम पसिना बेच्नु परिरहेको छ । रोजगारका लागि दिनहुँ विदेसिने युवाहरुलाई फोहरमा पनि उद्यम छ भन्ने कुराको महसुस गराउनुपर्नेमा उनको जोड छ । ढकालले अब अटो नेपाल रिनेवल इनर्जी परियोजनासँग सहकार्य गरेर अगाडि बढ्ने तयारी भइरहेको बताउँदै कर्णालीमा हुने रासायनिक मलको प्रयोगलाई घटाउन त्यसमा दिने अनुदान जैविक मल उत्पादनमा दिनुपर्ने उनको सुझाव छ । उद्योगी ढकालले अहिले त्रिपक्षीय लगानीमा उद्योग बनेपनि २० वर्षपछि सरकारकै स्वामित्वमा जाने गरी उद्योग हस्तान्तरण गरिने बताए । 'मैले यो उद्योग सञ्चालनको लागि वीरेन्द्रनगर नगरपालिकासहित प्रदेश सरकारको समेत सहयोगको अपेक्षा गरेको थिए । नगरपालिकासँग फोहर ल्याइदिने व्यवस्था मात्रै गरिदिनुहोस् भन्दा सहयोग पाउन सकिन । प्रदेश सरकारले उत्पादित मल बिक्री वितिरण र सिएनजी ग्याँस सवारी साधनमा प्रयोग गर्ने नीति ल्याइदेओस् भन्न चाहान्छु', उनले भने । कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कृष्णकुमार बिसीले ग्यास प्लान्ट उद्योगको निरीक्षण गर्दा त्यसको भविश्य राम्रो भएको बताए । उनले ठूलो क्षमताको यस वायोग्यास प्लान्टबाट सरकारले लिएको नीति कार्यान्वयन सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'अब रासायनिक होइन, जैविक मलमा अनुदान सरकारले दिनुपर्छ', मन्त्री बिसीले भने, 'मूलतः विश्वव्यापी चुनौती बनेको जलवायु परिवर्तनको असर घटाउनमा समेत जैविक उत्पादनले सघाउनेछ ।' भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.नरहरिप्रसाद घिमिरेले ग्यास प्लान्ट उद्योग स्थापनाले कर्णाली प्रदेश सरकारको प्राङ्गारिक अभियानलाई विशेष सहयोग पुग्ने बताए । उनले भने, 'रासायनिक मल विस्थापित गर्न जैविक मल उत्पादन र बिक्रीवितरणमा सहयोग गर्ने सरकारको कार्यक्रम नै छ । जैविक मल खरिद गर्ने किसानलाई लागत मूल्यको ४० प्रतिशत अनुदान दिने कार्यक्रम सरकारले ल्याएको छ ।' सचिव डा.घिमिरेका अनुसार जैविक मल ढुवानीमा समेत अनुदान दिने सरकारको कार्यक्रम रहेको छ ।

# क्यासकेड जलविद्युत् योजना निर्माण सम्पन्न

**रासस**
**म्याग्दी ।**
जिल्लाको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा ७१ मेगावाट क्षमताको नीलगिरिखोला दोस्रो 'क्यासकेड' जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ । नीलगिरिखोला क्यासकेड म्याग्दीमा हालसम्म निर्माण भएको मध्ये सबैभन्दा ठूलो जलविद्युत् आयोजना हो । आयोजनाको प्रवद्र्धक कम्पनी नीलगिरिखोला हाइड्रोपावर कम्पनी लिमिटेडका प्रतिनिधि उपेन्द्रराज गौतमले सोमबारदेखि टनेलमा पानी हालेर परीक्षण गरिने जानकारी दिए । उनले भने, 'टनेलमा पानी पठाउने क्रममा छोटेपादेखि दोविल्नासम्म खोलाको पानीको बहाव थपघट हुने भएकाले माछा मार्ने, नुहाउने, गाईवस्तु, चौपाया छाड्ने र आवतजावत गर्ने कार्य नगराउन अनुरोध गरेका छौँ ।'

बाँध, सुरुङ, विद्युतगृह, प्रसारण लाइन, स्विचार्ड निर्माण सकेपछि नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरेर प्रतिनिधिको रोहवरमा परीक्षणको तयारी गरिएको हो । छोटेपामा निर्माण भएको डिसेन्डर (बालुवा थिग्य्राउने पोखरी) मा यसअघि नै पानी हालेर परीक्षण गरिएको थियो । छोटेपादेखि दोभिल्नामा रहेको विद्युगृहसम्म चार हजार दुई



सय ७५ मिटर लामो सुरुङ निर्माण भएको छ । नीलगिरि पहिलोको हुमखोलामा बाँध र छोटेपामा विद्युतगृह निर्माण अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ । विद्युतगृहको भवन निर्माण सकेर उपकरण जडान थालिएको छ । नीलिगिरि पहिलोको करिब ८० प्रतिशत भौतिक प्रगति भएको छ । दुईवटै आयोजनाको विद्युतगृह परिसरमा स्विचार्ड बनाइएको छ । नीलगिरि पहिलोको स्विचार्डमा गत बर्खामा पहिराले क्षति पुऱ्याएको थियो । १३ अर्ब रुपैयाँ लागत अनुमान गरिएका दुवै आयोजना रन अफ रिभर प्रकृतिका हुन् । नीलिगिरिखोलाबाट उत्पादन भएको बिजुली दुई सय २० केभी क्षमताको दाना सबस्टेसनबाट केन्द्रीय ग्रिडमा जोडिन्छ । छोटेपा–दोबिल्ना हुँदै दाना सबस्टेसन जोड्ने ७.४ किलोमिटर दूरीको दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माण भएको छ । नारच्याङमा यसअघि पाँच मेगावाट क्षमताको घलेम्दीखोला र ४२ मेगावाट क्षमताको मिस्त्रीखोला जलविद्युत् आयोजना निर्माण भएको थियो । ६ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना पनि निर्माणको अन्तिम चरणमा रहेको छ । ९.१४ मेगावाटको सुपर घलेम्दी आयोजना निर्माणको तयारीमा छ । कालीगण्डकी हाइड्रोपावर लिमिटेड प्रवद्र्धक रहेको एक सय ६४ मेगावाटको कालीगण्डकी गर्ज आयोजनाको विद्युतगृह नारच्याङमा बनाउन प्रस्ताव गरिएको छ । मिस्त्री खोलाको प्रवद्र्धक माउन्टेन इनर्जी नेपालले १२ मेगावाटको मिस्ट्री खोला–२ आयोजना निर्माण गर्दैछ ।

# फलाम खानी उत्खनन नहुँदा स्थानीय निराश



**रासस**
**पर्वत ।**
पटकपटक अनुसन्धान भए पनि विसं २००७ देखि बन्द भएको महाशिला गाउँपालिका–६ फलाम खानी उत्खनन नहुँदा स्थानीय निराश भएका छन् । बन्द भएको ७३ वर्ष लामो अवधिसम्म राज्यका कुनै पनि निकायले फलाम खानी सञ्चालनका लागि चासो नदेखाएको स्थानीयको गुनासो छ । विगत तीन वर्षअघि खानी तथा भूगर्भ विभाग लैनचौर काठमाडौँको टोलीले खानीको उत्खनन गर्न प्रक्रिया सुरु गरेको भए पनि अध्ययन अनुसन्धान मात्रै गरेर फर्किएको थियो । भूगर्भविद्ले इआरटी (इलेक्ट्रिकल रेसिस्टीभिटी टेक्नोलोजी)का माध्यमबाट अध्ययन गर्दा प्रशस्त फलाम रहेको प्रमाण भेटिएको थियो । कुनै ठाउँमा सतहमा फलाम भेटिएको थियो भने कुनै स्थानमा जमिनमुनि भएको पाइएको थियो । फलामखानीमा दुई किमी लम्बाइमा खानी फैलिएको छ । पटकपटक फलाम खानीको उत्खननको माग गर्दा कतैबाट तदारुकता नदेखाएपछि स्थानीय निराश भएका हुन् । कहिले केन्द्र सरकार त कहिले प्रदेश सरकारसँग उत्खननको माग गरे पनि नीति तथा कार्यक्रममा चर्चा हुने तर बजेट विनियोजन नहुने समस्या भएको स्थानीय युवा जीवनविक्रम उच्चैले बताए । धुवाँकोटे फलामले चिनिएको खानी सञ्चालनका लागि खानी तथा भूगर्भ विभाग र लुम्बिनीस्थित नेपाल पर्वत खनिज उद्योगबीच २०६७ पुस ८ गते सम्झौता पनि भएको थियो । कम्पनीले लामो समय चासो नदेखाएपछि विभागले नै अध्ययन गरे पनि अन्य प्रक्रिया भने सुरु नभएको महाशिला वडा नं ६ का वडाध्यक्ष गोविन्दबहादुर विकले बताए । फलाम खानी सदरमुकाम कुश्मा बजारबाट ४० किमी टाढा छ । महाशिलाको वडा नं ५ लुङ्खुदेउराली र वडा नं ६ फलाम खानी क्षेत्रमा फैलिएको यो खानीको विस्तृत सर्वेक्षण गरी उत्खनन गर्न लामो समयदेखि स्थानीयले माग गर्दै आएका छन् । पछिल्लो समय गाउँपालिकाले खानी सञ्चालनका लागि चासो देखाएको छ । आजभन्दा ७३ वर्ष पहिला स्थानीयले उत्खनन गरेको फलामका सामग्री विसं २०४० सम्म पनि किन्न र देख्न पाइएको स्थानीय बताउँछन् । यहाँको फलाम अन्यत्रजस्तो प्रशोधन गर्नुपर्ने नभएको पाका पुस्ताको भनाइ छ । खानीबाट निकालेको फलाम सिधै तताएर आवश्यक सामग्री बनाउन सकिने भए पनि पछि कोइलाको अभावमा उत्खनन गर्न छाडेको स्थानीय प्रेमबहादुर सुनारले जानकारी दिए । उतिबेला यहाँको फलामबाट बनेका घरेलु हतियार बागलुङ, पाल्पा, स्याङ्जाका विभिन्न गाउँमा बिक्री हुन्थे । आधुनिक मेसिन र सडकको यात्रा नहुने भएकाले पर्वत आसपासका खोलामा निर्माण भएका पुलमा समेत यहीँको फलामबाट बनेका लठ्ठाको प्रयोग गरिएको थियो । मोदीवेणी र जैमिनीघाटका पुलमा अझै पनि फलामखानीको फलामले बनेका लठ्ठाका पुल देख्न सकिन्छ । यहीँको फलाम निकालेर बिक्री गरेर अहिलेभन्दा पाँच दशकअघिसम्म फलाम खानीका करिब चार सय परिवारको रोजीरोटी चलेको थियो । गाउँभरि फलामको खानी भएकैले यो गाउँको नामै फलाम खानी राखिएको वडाध्यक्ष विकले बताए । फलाम खानीमा बसोबास गर्ने विक र दर्जी परिवारबाट कम्तीमा एक जना पहिले फलामको खानीमै बास बस्ने गरेको वडाध्यक्ष विकको भनाइ छ । यहाँको फलामखानी उत्खनन हुने हो भने मुलुककै आर्थिक अवस्था सुधारमा फाइदा पुग्नुका साथै सयौँ युवायुवतीले रोजगारीको अवसर पाउने उनी बताउँछन् । घरदैलोमा भएको फलामको खानी उत्खनन गर्न नसकेर आयातीत फलाम प्रयोग गर्नुपरेको स्थानीय बलबहादुर क्षेत्रीले बताए । तत्कालीन जिल्ला विकास समितिको पहलमा २०६० मा केन्द्र सरकार र विभिन्न खानी तथा भूगर्भशास्त्रीसँग यहाँको खानी उत्खनन गर्न विभिन्न प्रयास गरेको भए पनि सम्भव नभएको उनको भनाइ छ ।


## वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा

### ठेक्का किन नतोड्ने ? सम्बन्धी अत्यन्त जरुरी सूचना

मितिः २०८०/१०/१६

तपसिलका निर्माण व्यवसायीले तपसिलको निर्माण कार्यको लागि यस कार्यालयसँग खरिद सम्झौता गरी तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न नगरेकोले यस अघि कार्य सम्पन्न गर्नको लागि मौखिक, टेलिफोन, पत्राचार मार्फत जानकारी गराइएकोमा सम्पर्कमा नआएको, कार्यप्रगति सन्तोषजनक नदेखिएकोले उक्त ठेक्का किन नतोडने ? सो सम्बन्धी स्पष्टीकरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा लिखित स्पष्टिकरण सहित उपस्थित हुनु सुचित गरिन्छ । अन्यथा खरिद सम्झौता, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम ठेक्का सम्झौता तोडी कार्य सम्पादन जमानत बापतको रकम जफत गर्नुका साथै सम्झौता अन्त्यभएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने तपसिलका निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असूल उपर गरिने व्यहोरा समेत जानकरी गराइन्छ ।

| ठेक्का नं. | कार्य विवरण | निर्माण व्यवसायीको नाम | सम्झौता मिति |
|---|---|---|---|
| BMC/NCB/WORKS/2078/079/23 | Construction of Ward Office Building at Ward No. 8 | S.D. Construction (S.D. means Shridev), Janakpur-14, Dhanusha | 2078/10/23 |
| BMC/NCB/WORKS/2078/079/24 | Construction of Ward Office Building at Ward No. 15 | S.D. Construction (S.D. means Shridev), Janakpur-14, Dhanusha | 2078/10/23 |
| BMC/NCB/WORKS/2078/079/25 | Construction of Ward Office Building at Ward No. 16 | S.D. Construction (S.D. means Shridev), Janakpur-14, Dhanusha | 2078/10/23 |
| BMC/NCB/WORKS/2078/079/26 | Construction of Ward Office Building at Ward No. 24 | S.D. Construction (S.D. means Shridev), Janakpur-14, Dhanusha | 2078/10/23 |
| BMC/NCB/WORKS/2078/079/27 | Construction of Ward Office Building at Ward No. 28 | S.D. Construction (S.D. means Shridev), Janakpur-14, Dhanusha | 2078/10/23 |



## अधिकतम खूद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल बस्तुहरुको अधिकतम खूद्रा बिक्री मूल्य निम्न बमोजिम भएको ब्यहोरा सर्व साधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सिं.न. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुकराष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा विक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WASHING MACHINE | FRONT LOAD WASHER | VEL-TECH | | 8 KG | CHINA | PCS | NPR | 43,500.00 | |
| 2 | WASHING MACHINE | FRONT LOAD WASHER | VEL-TECH | | 9 KG | CHINA | PCS | NPR | 45,000.00 | |

विक्रेता फर्मको नाम: कामख्या ट्रेडिङ्ग कम्पनी प्रा. लि.
ठेगाना: त्रियुगा नगरपालिका, गाईघाट-११
स्थायि लेखा न: 610079247
फोन: 9801550333

जि.प्र.का. पर्सा दर्ता नं. ३११–०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. ११८–०८०–८१


# न्यायिक समितिमा छ महिनामा १२९ उजुरी

*लालबन्दी नगरपालिकाको न्यायिक समितिमा साउन महिनामा परेका ४० उजुरीमध्ये सात, भदौमा परेका ३० उजुरीमध्ये आठ र असोजमा परेका १९ उजुरीमध्ये पाँच उजुरी फछ्र्यौट भएको न्यायिक समिति सचिव उद्धव नारायण श्रेष्ठले जानकारी दिए । कातिक, मंसिर र पुसमा परेका उजुरीमा छलफल भए पनि निष्कर्ष निस्केको छैन भने एक सय नौ वटा उजुरी अनुसन्धानक्रममा छन् ।*



**एसपी गौरव**
**सर्लाही ।**
लालबन्दी नगरपालिकाको न्यायिक समितिमा चालु आर्थिक वर्ष २०८०–८१ को छ महिनामा एक सय २९ उजुरी परेका छन् । साउनदेखि पुस मसान्तसम्मको छ महिनामा एक सय २९ उजुरी परेको लालबन्दी नगरपालिकाकी नगर उपप्रमुख एवम् न्यायिक समिति संयोजक कल्पना माया पाख्रिनकी स्वकीय सचिव सानु पाख्रिनले जानकारी दिइन् ।

उनका अनुसार चालु आर्थिक वर्ष २०८०–८१ को पहिलो महिना साउनमा ४०, भदौमा ३०, असोजमा १९, कातिकमा १३, मंसिरमा १२ र पुस महिनामा १५ उजुरी नगरपालिकाको न्यायिक समितिमा दर्ता भएको छ । नगरपालिकाको न्यायिक समितिमा साउन महिनामा परेका ४० उजुरीमध्ये सात, भदौमा परेका ३० उजुरीमध्ये आठ र असोजमा परेका १९ उजुरीमध्ये पाँच उजुरी फछ्र्यौट भएको न्यायिक समिति सचिव उद्धव नारायण श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार कातिक, मंसिर र पुसमा परेका उजुरीमा छलफल भए पनि निष्कर्ष निस्केको छैन भने एक सय नौ वटा उजुरी अनुसन्धानक्रममा छन् ।

सोमबार नगरपालिकाको न्यायिक इजलास उद्घाटन गर्दै नगरपालिकाको न्यायिक समितिमा यौनहिंसा र सम्बन्ध विच्छेदका साथै फौजदारी प्रकृतिका उजुरी पनि आउने गरेको भए पनि कानुनी सल्लाहकार नहुँदा न्याय सम्पादनमा समस्या भएको नगर उपप्रमुख एवम् न्यायिक समिति संयोजक कल्पना माया पाख्रिनले बताइन् ।

उनका अनुसार नगरपालिकाको न्यायिक समितिमा घरायसी समस्या, जग्गाको साँध सिमाना, अंश बन्डा, आफसी झैझगडा, आर्थिक लेनदेन र क्षतिपूर्तिलगायत सबै प्रकारमा उजुरी आउने गरेका छन् । स्थानीय निकायमा नगर उपप्रमुख, गाउँपालिकाका उपाअध्यक्ष न्यायिक समितिको संयोजक रहने व्यवस्था भएको र गाउँपालिका, नगरपालिकाका आफैँ स्थानीय सरकार भएकाले नागरिकले सबै प्रकारका उजुरी लिएर आउने गरेका भए पनि न्यायिक समितिमा कानुनी सल्लाहकार नहुँदा न्याय सम्पादन गर्न समस्या हुने गरेको न्यायिक समितिले जनाएको छ ।

# सहिद दुर्गानन्दको व्यक्तित्वबारे चर्चा



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
सहिद दुर्गानन्द झाको पुण्यतिथिका अवसरमा उनको व्यक्तित्वबारे चर्चा गरिएको छ । सहिद झाको पुण्यतिथिको अवसरमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ विद्यापति चोकस्थित दुर्गा मन्दिर प्रांगणमा सोमबार उनको व्यक्तित्वबारे चर्चा गरिएको हो । कार्यक्रमका वक्ताहरुले सहिद दुर्गानन्द झा बाल्यकालदेखि नै राजतन्त्रविरुद्ध लागिपरेको र प्रजातन्त्र स्थापना गर्न उनी कटिबद्ध भइ लागिपरेको भन्दै झाको व्यक्तित्वको चर्चा गरिएको थियो । पजटहीमा पूर्वमन्त्री तथा प्रदेश सांसद रामसरोज यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पूर्वसांसद स्मृतिनारायण चौधरी, नगर प्रमुख मनोजकुमार साह, श्याम निधि, प्रफुल्ल घिमिरे, मनोज चौधरी, प्रेस स्वतन्त्रता सेनानी राम भरतलगायतको सहभागिता थियो ।

विद्यार्थी जीवनदेखि नै जनताले सम्झने काम गर्छु भन्ने अठोट बोकेका झा विद्रोही स्वभावका थिए । विसं २०१७ पुस १ गते राजा महेन्द्रले गरेको संसद विघटनको प्रभाव मधेशमा समेत देखिएको थियो । त्यसैबेला, विसं २०१८ माघ ९ गते राजा महेन्द्रले पूर्वीमधेशको भ्रमण गरेका थिए । १८ वर्षीय दुर्गानन्दले जानकी मन्दिरमा बम प्रहार गरेका थिए । घटनामा राजा बचे तर जीप क्षतिग्रस्त भएको थियो । बम प्रहारपछि उनी भागेर भारत गए । उनी जयनगरबाट रेलमा जनकपुरधाम आउँदा नेपाली सेनाले खजुरी स्टेसनमा पक्राउ गरी हेलिकप्टरबाट काठमाडौँ लगेर जेल हालेको थियो । झालाई पछि विसं २०२० माघ १५ गते फाँसी दिइएको थियो ।

# ‘एनसेलले ८५ अर्ब कर छलेको भेटियो’

**मधेशदृष्टि**
**वीरगंज ।**
एनसेलको शेयर बिक्रीबारे छानबिन गर्न गठन भएको उच्चस्तरीय छानबिन समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ लाई प्रतिवेदन बुझाएको छ । सोमबार सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा करिब डेढ महिनाभन्दा बढी समयमा अनुसन्धान गरेर समितिले प्रधानमन्त्री प्रचण्डलाई प्रतिवेदन बुझाएको हो ।

प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएपश्चात् सञ्चारकर्मीहरुसँग कुरा गर्दै समितिका संयोजक टंकमणि शर्माले एनसेल शेयर खरिद बिक्रीमा अध्ययन गर्न बनेको समितिले थप छानबिन गर्ने गरी प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाएको बताए । उनले एनसेलको पटकपटक शेयर खरिद बिक्री हुँदा राज्यका कतिपय निकायहरुले आफ्नो जिम्मेवारी पालना नगरेको देखिएकाले थप छानबिन गर्न सिफारिस गरिएको बताए ।

संयोजक शर्माले समितिले छानबिन र अनुसन्धान गर्दा पटकपटक शेयर खरिद बिक्रीका क्रममा स्रोत नखुलेको सम्पत्ति प्रयोग भएको आशंका रहेको भन्दै संलग्नहरुमाथि सम्पत्ति शुद्धीकरणको पाटोमा अनुसन्धान गर्न सिफारिस गरिएको बताए । उनले नेपालबाट बाहिरिने निर्णय गरेको आजिआटाले नेपालमा लगानीको वातावरण छैन भनी दिएको प्रतिक्रिया सत्यता नभएको बताए ।

उनले एनसेलले नेपाल सरकारलाई बुझाउनुपर्ने कर गैरकर गरी ८५ अर्ब रुपैयाँ बराबरको कर छली गरेको अध्ययनले देखाएको पनि बताए ।

संयोजक शर्माले आजियाटा ग्रुप बर्हाड र स्पेक्ट्रालाइट युकेबिच १ डिसेम्बर २०२३ मा भएको एनसेल आजियाटाको शेयर खरिद बिक्री सम्झौता स्वतन्त्र ढङ्गले भएको स्वाभाविक सम्झौता मान्न सकिने नदेखिएको बताए । उनले एनसेलको हालसम्म १४ पटक शेयर तथा स्वामित्व खरिद बिक्री भएकोमा ती खरिद बिक्रीमा धेरैजसो कारोबारहरू नेपालबाहिर नै अफसोर्सरूपमा भएको देखिएको बताए ।

उनले कतिपय नेपाली शेयरधनीहरूको कारोबारको भुक्तानी नेपालको बैंकिङ्ग प्रणालीबाट नभई देशबाहिर समेत भएको देखिएको बताए । विगतका एनसेल कम्पनीको शेयर खरिद बिक्रीमा विभिन्न कम्पनीहरूमार्फत नेपालमा र विदेशमा अपारदर्शीरूपमा भएका कारोबारहरू राजश्व चुहावट, विदेशी मुद्रा अपचलन र सम्पत्ति शुद्धीकरण भएको हुनसक्ने देखिएकोले सम्बन्धित निकायहरूबाट अनुसन्धान गर्न पनि समितिले सुझाव दिएको छ ।

# ३३ लाख ठगी गर्ने सञ्चालक पक्राउ



**मधेशदृष्टि**
**बारा ।**
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अजरबैजान पठाइदिने भन्दै ३३ लाख दुई हजार रुपैयाँ ठगी गर्ने बारा घर भएका कन्सलटेन्सी सञ्चालकलाई पक्राउ गरी सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा बारा कोल्वी नगरपालिका–४ का ३३ वर्षीय रामशरण शिवाकोटी रहेको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेका शिवाकोटीले मिराकल कन्सलटेन्सी खोली युनिसा आलेमगरलाई वैदेशिक रोजगारीका लागि अजरबैजान पठाइदिने पटकपटक गरी १६ लाख ५० हजार रुपैयाँ, राजन प्रसाईंसहित तीन जनाबाट १६ लाख ५२ हजार रुपैयाँ ठगी गरी सम्पर्कबिहीन भएको उजुरीका आधारमा पक्राउ गरिएको प्रहरीको भनाइ छ ।

उनलाई आइतबार बिहान १० बजेतिर कञ्चनपुरको भिमदत्त नगरपालिका–४ गड्डाचौकीबाट पक्राउ गरी सोमबार सार्वजनिक गरिएको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताए ।

उनले भने, ‘प्रारम्भिक अनुसन्धानमा सिवाकोटीले फ्रान्स, स्पेन, युक्रेनलगायतका देशमा रोजगारीका लागि पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिसँग रकम लिएको खुल्न आएको छ ।’ उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौँ पठाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

# उपराष्ट्रपति र श्रीलंकाली राजदूतबीच भेट



**मधेशदृष्टि**
**वीरगंज ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि श्रीलंकाली राजदुत सुदर्शन पाथिरानाले लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गरेका छन् । सोमबारको भेटमा शुभकामना आदान–प्रदानपछि नेपाल र श्रीलंकाबीच रहिआएको द्विपक्षीय सम्बन्ध, आपसी हित र चासोको विषयमा कुराकानी भएको जनाइएको छ ।

उपराष्ट्रपति यादवले हालै सम्पन्न परराष्ट्र मन्त्रीस्तरीय नेपाल–श्रीलंका संयुक्त आयोगको पहिलो बैठकबाट दुई मुलुकबीच सम्बन्ध विस्तार गर्न सहयोग पुगेको बताए । उपराष्ट्रपति यादवले नेपाल–श्रीलंका सम्बन्ध मित्रता, सद्भावना, आपसी समझदारी र सहयोगमा आधारित रहेको बताउँदै सन् १९५७ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता नै दुई देशबीचको सम्बन्ध निरन्तर विस्तार हुँदै आएको उल्लेख गरे ।

उनले काठमाडौँ–कोलम्बो सिधा उडानले श्रीलंकाली तीर्थ यात्रीहरुलाई बुद्धको जन्म स्थल लुम्बिनी भ्रमण गर्न सहज भएको बताए । भेटमा श्रीलंकाली एयर चिफ मार्सल समेत रही सकेका राजदूत पाथिरानाले गौतम बुद्ध मार्फत् नेपाल र श्रीलंकाबीच २५ सय वर्ष पुरानो सम्बन्ध रहेको उल्लेख गर्दै दुई देशले क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा समान खालको चुनौतिहरुको सामना गरिरहेको बताए । राजदूत पाथिरानाले नेपाली क्रिकेट क्षेत्र र खेलाडीहरुलाई श्रीलंकाले सहयोग गर्न चाहेको उल्लेख गर्दै त्यस अनुरुप श्रीलंकाली खेलकूद मन्त्रीसँग यसबारे आग्रस गरिसकिएको बताए ।

यसैबीच उपराष्ट्रपति यादवले सहिद दिवसको अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात–अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् । ‘सम्पूर्ण सहिदको साहस र त्यागको लेखाजोखा एवं उच्च मूल्याङ्कन गर्ने महान उद्देश्यका साथ मनाइने सहिद दिवसले मुलुकमा सुशासन, सभ्य र विभेदरहित समाज, समानता, समावेशिता, सह अस्तित्व र दिगो विकासका लागि सबैलाई इमान्दारीका साथ आ–आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गर्न थप सक्रिय भई उत्प्रेरित गर्न सकोस् भन्ने आशा मात्र होइन पूर्ण विश्वास लिएको छु ।’ उपराष्ट्रपति यादवद्वारा जारी सन्देशमा उल्लेख गरिएको छ ।

# मुस्लिम समुदायद्वारा सद्भाव बिथोल्नेलाई कारबाही माग



**मधेशदृष्टि**
**वीरगंज ।**
सामाजिक सद्भाव बिथोल्ने तत्वको पहिचान गरी कारबाही गर्न पर्साका मुस्लिम समुदायले माग गरेका छन् । पर्साका मुस्लिम समुदायले सोमबार जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालमार्फत गृहमन्त्रीलाई ज्ञापन पत्र बुझाएका हुन् ।

परापूर्व समयदेखि शान्तिपूर्वक मिलेर बस्दै आएका हिन्दू र मुस्लिम समुदायबीच आपसी द्वन्द्व फैलाउने र सामाजिक सद्भावलाई बिथोल्न केही तत्वहरु सामाजिक सञ्जालमा सक्रिय भएको उनीहरुलाई कारबाही गर्न ज्ञापन पत्रमा उल्लेख गरिएको छ । केही दिनदेखि धार्मिक जुलुश निकाल्ने क्रममा उच्श्रृंखल गतिविधि गर्ने, मुस्लिम टोल तथा मस्जिद, मदर्सा तथा कब्रस्तानहरुमा जुत्ता चप्पल लगाई भित्र प्रवेश गर्ने, धाक धम्की दिने जस्ता कार्यहरु भएको भन्दै ज्ञापन पत्रमार्फत आपत्ति जनाइएको छ । धार्मिक सहिष्णुता र भाइचारामा खलल पुग्ने कार्य गर्ने व्यक्तिलाई कारबाही गर्न ज्ञापन पत्रमार्फत मुस्लिम समुदायले ध्यानाकर्षण गराएका हो ।

सामाजिक सञ्जाल (फेसबकु)मार्फत भ्रम फैलाउने तथा धार्मिक द्वन्द्व भड्काउने कार्य गरिरहेको भन्दै ‘हिन्दू युथ अफ वीरगंज’ र हिन्दू युथ अफ छिपहरमाई’ नामक पेज चलाउने व्यक्तिको पहिचान गरी कारबाही गर्न ज्ञापन पत्रमार्फत माग गरिएको छ । साथै उनीहरुले जिल्ला प्रहरी कार्यालय पर्सामा पनि यी दुई पेजविरुद्ध उजुरी दर्ता गरेका छन् ।

# प्याब्सन टी–२० क्रिकेटः न्यू वेभ र गोल्डेन फ्युचर विजयी




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा जारी प्याब्सन नकआउट टी–२० क्रिकेटमा न्यू वेभ मावि र गोल्डेन फ्युचर विजयी भएका छन् । सोमबारको खेलमा न्यू वेभ माविले वीरगंज एकेडेमीलाई ४ विकेटले तथा गोल्डेन फ्युचरले श्री आर्दश माविलाई ८२ रनले पराजित गरेको हो । वीरगंजको आर्दशनगर खेल मैदानमा सम्पन्न सोमबारको दोस्रो खेलमा गोल्डेन फ्यूचरले श्री आर्दशलाई ८२ रनले हराएको हो । टस जितेर ब्याटिङ गरेको गोल्डेन फ्युचरले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा एक सय ४८ रन बनाएको थियो । जवाफी ब्याटिङ गरेको आर्दश माविले १३.२ ओभरमा पूरै विकेट गुमाउँदै ६६ रनमै अलआउट भयो ।

यस्तै सोमबारको पहिलो खेलमा न्यू वेभ माविले वीरगंज एकेडेमीलाई ४ विकेटले पराजित गरेको थियो । टस हारेर पहिले ब्याटिङ गरेको वीरगंज एकेडेमीले १० ओभरमा ६ विकेट गुमाउँदै ६७ रनको सामान्य लक्ष्य दिएको थियो । लक्ष्य पछ्याएको न्यू वेभ ८.४ ओभरमै ६ विकेट गुमाएर पूरा गर्यो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन